अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : ५ / २०८२ भदौ ६ गते शुक्रबार / नेपाल सम्वत ११४५ / Aug. 22, 2025 / मूल्य रु. १०/-

## कांग्रेस–एमाले पार्टीगत स्वार्थ होइन, मुलुकको स्वार्थ हेर

काठमाडौ । नेपाली कांग्रेस र नेकपा एमालेको सरकार गठन भएपश्चात् जनताले उनीहरूबाट ठुलो आशा एवं भरोसा राखेका थिए । तर सत्तामा रहेका दलहरू कांग्रेस–एमाले नै केही मुद्दामा एक हुन नसक्नु मुलुककै लागि दुर्भाग्यको विषय हो । २०८१ असार १७ गते कांग्रेस–एमाले बीचमा ७ बुँदे सहमति गर्दा उनीहरूलाई थाहा थिएन, राष्ट्रिय सभामा दुई दलका बहुमत छैन भनेर ।

दुई दलबीचमा पनि कतिपय विषयमा नीतिगत र कानुन निर्माणमा समेत मतभेद देखिएको छ । ७ बुँदे सहमतिमा उल्लेख भएको संविधान संशोधन गर्ने मुद्दामा किन कांग्रेस–एमाले मौन । संविधान संशोधनका लागि कार्यदल बनाएर संशोधन कुन कुन विषयमा गर्ने भनेर खाका तयार गर्नुपर्नेमा अहिले उपर्युक्त समयमा संविधान संशोधन हुन्छ भन्नु जनतालाई झुक्याउनु बाहेक अन्य केही

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## पारित होला त उपसभामुख रानाविरुद्धको प्रस्ताव ?

### सम्वैधानिक परिषद्मा अप्ठ्यारो भएरै सहज बाटो खोज्दै सरकार

काठमाडौ । २०७९ मंसिर ४ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनपछि राष्ट्रिय स्वतन्त्र पार्टीको समानुपातिक सांसद इन्दिरा राना २०७९ माघ ७ गते प्रतिनिधिसभाको उपसभामुखमा निर्वाचित भएकी थिइन् । रानाले २०७९ फागुनमा केही व्यक्तिहरूको लागि भिसा प्रकरणमा सहजिकरणका लागि अमेरिकी दुतावासलाई लेखेको पत्र डेढवर्ष पछि २०८० साउनमा मात्र बाहिर आएको थियो ।

रानाले राजनीतिक दल र संसदसँग सम्बन्धित नरहेका व्यक्तिको भिसा प्रकरणमा पदको दुरूपयोग गरेकी थिइन् । त्यसबेला नेपाली कांग्रेसले विरोध गरेको थियो । उपसभामुख रानाले पत्र लेखेको अढाई वर्षपछि सोही प्रकरणलाई लिएर सत्ता साझेदार दलहरू नेपाली कांग्रेस, नेकपा एमाले सहितका दलहरू रानाले आचरण अनुसारको काम नगरेको भन्दै उनीमाथि अविश्वासको प्रयास गरेपनि त्यसबेला अंकगणितको कारण रोकिएको थियो । तर अहिले केही सहज अवस्था देखिएपछि फेरी सो प्रस्ताव अघि बढाउनै प्रयास भएको छ ।



अहिले आएर सत्ता गठबन्धनले संसदमा रहेका दलहरू मध्येका नेपाली कांग्रेस र नेकपा एमाले सहितका दलहरूले रानाको विरूद्धमा दुई तिहाई मत पुग्ने भन्दै कांग्रेस र एमालेले आफ्ना सांसदहरूको हस्ताक्षर गराउन थालेका छन् । अहिले संसदमा २ सय ७५ सांसद मध्ये राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद दीपक बोहोराको निधन भएपछि प्रतिनिधिसभामा २ सय ७४ सांसद रहेका छन् ।

२ सय ७४ को दुई तिहाई भनेको १ सय ८३ हुन्छ । अहिले नेपाली कांग्रेसका ८८ सांसद रहेका छन् भने नेकपा एमालेका ७७ सांसद रहेका छन् । कांग्रेसका मोहन बहादुर बस्नेत भ्रष्टाचारको मुद्दामा निलम्बनमा परेका छन् भने एमालेका टोप बहादुर रायमाझी समेत निलम्बनमा रहेका छन् । उनीहरूले मत हाल्न पाउँदैनन् । दुई तिहाईको लागि कांग्रेस र एमालेलाई थप २१ सांसदको आवश्यकता हुन्छ ।

सत्ता पक्षका जसपा (अशोक राई) पक्षमा ७, जसपा (उपेन्द्र यादव) नेपालका ५ जनमताका ६ लोसपाका ४ र नागरिक उन्मुक्तिका ४ सांसदको समर्थन मिल्ने

>>> बाँकी ८ पेजमा

## मिडिया काउन्सिल विधेयक पञ्चायती कालभन्दा कालो !

काठमाडौ । लोकतान्त्रिक सरकार रहेको बेला हिजोको पञ्चायती व्यवस्था रहेको बेला भन्दा अलोकतान्त्रिक मिडिया काउन्सिल विधेयक संसदमा प्रस्तुत भएको छ । पञ्चायती व्यवस्था हुँदा सर्बोच्च अदालतका बहालवाला न्यायाधिश, प्रेस काउन्सिलको अध्यक्ष हुने व्यवस्था थियो भने २०४७ पछि सर्बोच अदालतका अवकाश प्राप्त न्यायाधिश वा वरिष्ठ अधिवक्ता वा वरिष्ठ पत्रकार अध्यक्ष र राष्ट्रिय सभा तथा प्रतिनिधिसभाका सांसदहरू सदस्य हुने प्रावधान राखियो । अहिले प्रस्तावित विधेयकमा सञ्चार तथा सूचना मन्त्रालयका सचिवको संयोजकत्वमा गठन हुने समितिको सिफारिसमा सरकारले काउन्सिलका अध्यक्ष र सदस्य नियुक्ति गर्ने प्रावधान राखेको छ ।

सरकारले सरोकारवाला र विभिन्न संघ

>>> बाँकी ८ पेजमा

## यस कारण सत्ता गठबन्धन टुट्न सक्छ

काठमाडौ । २०८१ असार १७ गते नेपाली कांग्रेस र नेकपा एमालेबचिमा भएको ७ बुँदे सहमति अनुसार संविधान संशोधनको प्रक्रिया अघि बढाउने सहमति भएको थियो तर सरकार गठन भएको १३ महिना पुगिसक्दा पनि सो विषयमा कुनै स्थान पाएको छैन ।

पछिल्लो समयमा कांग्रेस–एमालेबीचमा दर्जन कानुन संशोधनका विषयमा कांग्रेस–एमाले आमने सामने भएका छन् । संविधान संशोधनमा अहिलेका निर्वाचन प्रणाली खर्चिलो भएकाले तथा थ्रेसहोल्ड कम हुँदा धेरै दल संसदमा पुगेका हुनाले उनीहरूले नै अस्थिरता बढाएको भन्दै निर्वाचन प्रणालीमा सुधार हुनुपर्नेमा एमालेले अहिले राष्ट्रिय सभामा संविधान संशोधनका लागि बहुमत पुग्न नसक्ने भएकाले अहिलेलाई स्थगित गरेको बताएको छ

>>> बाँकी ८ पेजमा

## प्रधानमन्त्री ओलीलाई कमल थापाल दिए यस्तो सुझाव



काठमाडौं । राप्रपा नेपालका अध्यक्ष कमल थापाले लिपुलेकमा भारत र चीनको हस्तक्षेपविरूद्ध नेपाल सरकारलाई सशक्त कदम चाल्न आग्रह गरेका छन् । गत मङ्गलवार (भदौ ३ गते) भारत र चीनले लिपुलेकलाई दुई देशको नाकाका रूपमा प्रयोग गर्ने सहमति गरेपछि सरकारले विज्ञप्ति जारी गरी यो नेपालको भूभाग भएको र सहमतिबिना प्रयोग गर्न नपाइने चेतावनी दिएको थियो ।

थापाले सरकारको यो कदमको सराहना गर्दै भदौ अन्त्यतिर भारत भ्रमणमा जाने प्रधानमन्त्री केपी शर्मा ओलीलाई लिपुलेकबारे नेपालको दृष्टिकोण र आपत्ति दृढतापूर्वक राख्न

>>> बाँकी ८ पेजमा

## देउवालाई उक्साउँदै दाहाल

काठमाडौ । २०८१ असार १७ गते भएको नेपाली कांग्रेस र नेकपा एमालेबीचको ७ बुँदे सहमतिमा संविधान संशोधन गर्ने बुँदा समेत परेको थियो । तर सरकार निर्माण भएको १३ महिना पुगिसक्दा पनि संविधान संशोधनका बारेमा कुनै कार्य अघि बढेको छैन । कांग्रेस र नेकपा एमालेबीचमा आलोपालो सरकारको नेतृत्व गर्ने सहमति भएको हुनाले पहिला नेकपा एमालेका अध्यक्ष केपी ओली प्रधानमन्त्री बनेका हुन् । केपी ओली नेतृत्वको सरकार अहिले कै अवस्था रहे आगामी असार २०८३ मसान्तसम्म रहन्छ । त्यसपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन हुन्छ पहलिा भएको सहमति अनुसार ।

संघीय संसद र प्रदेशसभाको प्रमुख विपक्षी



दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल जसरी भएपनि अहिलेका कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री



बन्न आग्रह गर्दै एमाले बाहेक सम्पूर्ण दलको समर्थन देउवाको पक्षमा पुर्‍याउने जिम्मा

>>> बाँकी ८ पेजमा

## गौर घटनामा उपेन्द्र यादवसहितका १ सय ३० जनामाथि अनुसन्धान गर्ने बाटो खुल्यो

काठमाडौ । आज भन्दा १८ वर्ष अघि रौतहटमा भएको भयानक हत्या काण्डको फाइल फेरी जाग्ने भएको छ । गौरका राइस मिलमा माओवादीले गरेको आमसभामा तत्कालिन मधेशी जनाधिकार फोरमका कार्यकर्ताले हिंसंक हमला गर्दा २७ जना मारिएका थिए । तर उक्त घटना राजनीतिक दाउपेचमा दब्दै आएको यो घटनाको छानविन प्रतिवेदन बाहिर ल्याउन र आरोपीमाथि अनुसन्धान गर्न सर्बोच्च अदालतले परमादेश दिएको छ । यो परमादेशसँगै तत्कालिन मधेशी जनाधिकार फोरम हालका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव सहति १ सय ३० जना





माथि फेरी अनुसन्धान हुने भएको छ ।

यो घटनालाई सत्ता र शक्तिको प्रभावमा घटनाको अनुसन्धान नभएको भन्दै मृतकका परिवारका तर्फबाट रूपसागर उपाध्याय, रूपैया खातुन, विक्रम पटेल र घाइते त्रिभुवन साह सर्बोच्च अदालतमा पुगेका थिए । सर्बोच्च अदालतका न्यायाधिशद्वय तिल प्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेको संयुक्त इजलासले तत्काल अनुसन्धान अघि बढाउन आदेश दिएको छ । अब पिडितले दिएको जाहेरी तथा राष्ट्रिय मानव अधिकार आयोगले दिएको प्रतिवेदन अनुसार आरोपीहरूमाथि अनुसन्धान अघि

>>> बाँकी ६ पेजमा

## पत्रिका र सम्बन्धित निकायकै मिलेमतोमा छुट र खल्ती भरिने

काठमाडौ । पछिल्लो समयमा सरकारी विज्ञापन प्रचार र प्रसारणमा भएको मिलेमतो र भ्रष्टाचारका विषयमा एक दैनिक पत्रिकाले समाचार प्रकाशित गरेको छ । सरकारी विज्ञापन प्रचार प्रसारमा दैनिक पत्रिकाहरूले नै सिन्डिकेट लगाउँदै आएका छन् भने अर्को तर्फ सरकारी विज्ञापन प्रसार गर्ने निकायका प्रमुख र लेखा शाखाका कर्मचारीहरू कै मिलेमतोमा त्यस्तो भ्रष्टाचार हुने गरेको छ ।

प्राय सबै सरकारी कार्यालयको लेखा शाखा र प्रशासनमा बस्ने व्यक्तिहरूले आफ्ना परिवारका नाममा अनलाइनबाट विज्ञापन प्रकाशित गर्दा मान्य हुने भन्दै केही समय पहिला सरकारी निकायबाटै स्वीकृत्ति प्रदान गरिएकोमा विज्ञापन एजेन्सीहरूले त्यसको

>>> बाँकी ८ पेजमा

# US and India-strategic autonomy or alliance partnership

Inam Ul Haque

This piece attempts to deconstruct the imperatives of Sino-India bilateralism in the backdrop of US-China competition. In my piece, "War of Humiliation" in the South Asia magazine (November 2020), discussing the Sino-Indian escalation in Ladakh, I had concluded that expecting India to stand up to China as a bulwark, that the US continues to prop it, is too far-fetched. That China and India would never — willingly or unwillingly — walk into a full-blown war, that is in nobody's interest.

If anyone expects India to stand upto to China — doing the US bidding — in a resurrected Great Game 2.0; then it is not knowing India of Chanakya Kautilya (375-283 BC). The wizard, also called Vishnugupta or the Indian Machiavelli, said: "Do not reveal what you have thought of doing... keep it secret being determined to carry it into execution."

Fast forward to 2025, there is a lot of debate nudging India to be in a 'partnership alliance' with the US to counter China; as most analysts in the US/European camp, think India cannot do it alone. Some emphasise that 'strengthening Quad' (Quadrilateral Security Dialogue comprising Australia, India, Japan and America) would be a good starting point for New Delhi. Realising that India is a 'hedging' middle power, eager to play both if not all sides, the US think-tanks deduce that transfer of more sophisticated and advanced technology to India would depend upon India's overt anti-Beijing credentials.

The basic premise of such thinking is that a shooting Sino-Indian war is inevitable, and that militarily embroiling China through India is cost effective and makes strategic sense. This is a faulty presumption, just like encouraging Ukraine, a militarily weaker side, to go on the offensive against a militarily stronger Russia that was on the defensive, in the much-touted Ukrainian counter offensive in 2023, that failed.

The recent chasm in the US-India relations emanate from India profiting from the Russian oil imports, debunking sanctions; Indian protectionism in trade against US agricultural products; Modi's refusal to acknowledge President Trump's role in the May 2025 Pakistan-India ceasefire; and the less than expected tenacity by India in the cited conflict. However, these are transient factors originating from the 'Trump Factor', who is in his last presidential term. There are compelling reasons for Washington to keep India in its orbit and repair the damaged relations, even if New Delhi is not very forthcoming.

First, in the US strategic construct China, Iran, North Korea and Russia make a substantial 'authoritative scale (mass of alliance power)' presenting a unified challenge, needing a unified response. Moreover, China under President Xi has moved away from its confrontational 'wolf warrior' diplomacy, with emerging profile in the Global South, Africa in particular. Its BRI networks 126 countries through highways, railways, pipelines, power plants, grids, IT, social welfare and poverty-alleviation projects. BRI's staggering investment of over $1.3 trillion will ultimately cover 60% of the world population and 40% of its GDP, providing a viable economic alternative, catapulting the present US-led predatory economic system.



Second, America's inability to compete with both China and Russia, requires 'strategic diplomacy', some US analysts emphasise. Its core purpose being 'cultivating favourable balances of power in critical regions' to project power far beyond material means. Strategic diplomacy aims to limit rival's options, without seeking to remove the sources of conflict. The US is moving past the age of 'globalized utopia', of being the single-most powerful hegemon, enjoying comprehensive security enabled by techno-military capabilities. It gravitates towards alliance partnerships and strategic diplomacy. And under its 'pivot to Asia' strategy, building the largest anti-China coalition, India stands out to bridge the gap between Washington's rhetoric and capabilities.

US analysts feel Biden Administration was unable to properly cultivate New Delhi against Beijing. They feel Trump should nudge India closer 'as an ally on the level of Japan or NATO partners'.

Will India do the US bidding willingly, under coercion or under inducements? The straight answer is no, under any conditions. Way back in a meeting with the US officials, when asked to analyse the US-India potential relationship, my answer was to 'go ahead and find out'. However, much that India will drag its feet on becoming involved in bloc politics, alliance partnership with the US, and ignore its 'strategic autonomy', Washington will persistently deploy the pressure-inducement combo to rope in New Delhi against China. Even if that means making India, as some suggest, a regional policeman and hegemon in South Asia, deferring to its advice and actions concerning other countries like Pakistan. The other touted US 'deputy sheriffs' to include Australia in Pacific Islands, Vietnam in continental Southeast Asia and Nigeria in Africa.

Expecting India to go against one of its largest trading partners (despite an otherwise obscure border conflict), is not understanding geo-economics and history. First, Sino-India annual trade is over $100 for the third consecutive year. It was $124 billion for FY2024. Second, India has historically conceded against formidable adversaries, from Afghans to Moghuls to Portuguese to the British. That historic constant has not changed, Modi or no Modi. Third, militarily, Indian discussions concede China's conventional and nuclear advantage. India responds to this "conventional asymmetry" through infrastructural build-up, force modernisation and new raisings, compared to Beijing's better military infrastructure, capabilities, and logistics.

The Indian security establishment remains concerned about greater survivability of Indian forces on the battlefield, in an environment of uncontrolled escalation, instead of investing in new weapon platforms especially the nuclear ones. However, paradoxically, the cited asymmetry also serves as a strong catalyst for peaceful co-existence.

It is, therefore, no surprise that India gravitates towards better relations with Beijing under its 'Look East Policy', burnished by the recent chasm with Washington. When China's Foreign Minister, Wang Yi on August 18, 2025, during his two-day visit to New Delhi emphasised both nations to view each other as 'partners' and not 'adversaries or threats'; his Indian counterpart Jaishankar acknowledged the Chinese overtures, saying both countries were seeking to 'move ahead from a difficult period in our relations'. Wang met Premier Modi on Tuesday, reaffirming 'positive trend' in the bilateral ties.

In sum, India it too smart to fall for the US trap.

## भैरहवामा आधुनिक इन्धन डिपो बनाउन पाँच अर्ब ७९ करोड लागत अनुमानसहितको डिपिआर तयार

रूपन्देही । नेपाल आयल निगम लिमिटेडको रूपन्देहीस्थित ओमसतिया र रोहिणी गाउँपालिकामा रहेको साढे २५ बिघा जमिनमा आधुनिक सुविधा सम्पन्न इन्धन डिपो बनाउनका लागि करबाहेक पाँच अर्ब ७९ करोड ३० लाख ६४ हजार ९४१ रूपैयाँ लागत अनुमानसहितको विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ । एक कार्यक्रमबिच काठमाडौं विश्वविद्यालयको कन्सल्टेन्सी सेवा विभागले निगमको भण्डारण क्षमता अभिवृद्धि परियोजनालाई डिपिआर हस्तान्तरण गरेको हो । परियोजना प्रमुख रहेका निगमका उपनिर्देशक प्रदीप यादवले डिपिआरको मापदण्डभित्र रहेर चालू आर्थिक वर्ष ०८२/८३ बाटै इन्धन डिपो निर्माण थालिने जानकारी दिए ।

'चालू आवको बजेट निगम सञ्चालक समितिबाट पास हुने क्रममा रहेको छ । बजेट पास हुनासाथ टेन्डर आह्वान गरिहाल्छौँ,' उनले भने, 'त्यसपछि मंसिरसम्म टेन्डर मूल्यांकन गरेर ठेक्का सम्झौता भइसक्छ ।' ठेक्का सम्झौता भएको तीन वर्षमा निर्माण सक्ने लक्ष्य राखिएको उनले बताए । इपिसी मोडलमा टेन्डर आह्वान गरिने भएकाले डिपिआरको लागतभित्रै इन्धन डिपो निर्माण गर्ने उनले जानकारी दिए ।

हाल रूपन्देहीको भलबारीमा रहेको डिपो साँघुरो र घनाबस्तीमा रहेकाले स्थानान्तरण गर्न स्थानीयले निरन्तर दबाब दिइरहेको उनले बताए । 'भलवारीमा दैनिक २० ट्यांकर तेल लोड अनलोड गर्ने क्षमताको डिपो निर्माण भएको थियो । अहिले माग बढेर दैनिक १ सय ट्यांकर परिचालन भइरहेका छन् । त्यसैले, हाल सञ्चालनमा रहेको डिपोबाट भविष्यको माग धान्ने गरी काम गर्न गाह्रो छ,' उनले भने ।

भलवारीमा साढे ५ बिघा जमिन मात्रै रहेकाले भण्डारण क्षमता विस्तार गर्ने ठाउँ पनि नभएकाले नयाँ र फराकिलो क्षेत्रफलमा डिपो निर्माण हुन लागेको उनले बताए । नयाँ डिपोमा कम्तीमा एक महिनाको माग धान्ने भण्डारण गृह बनाउने यादवले जानकारी दिए । 'नयाँ डिपोमा डिजेलको १३ हजार ५ सय किलोलिटर, पेट्रोलको ४ हजार ९ सय किलोलिटर र मट्टीतेलको २२८ किलोलिटर क्षमताको भण्डारण गृह बन्नेछ,' यादवले भने ।

डिपोभित्र अग्नि सुरक्षा प्रणालीका लागि चार हजार दुई सय किलोलिटर पानी अटाउने दुईवटा पानी ट्यांकी निर्माण हुने उनले बताए । ट्यांकरमा इन्धन लोड–अनलोड गर्न ८–८ वटा 'वे' समेत निर्माण गरिने परियोजनाले जनाएको छ ।

डिपिआर हस्तान्तरण गर्दै काठमाडौं विश्वविद्यालय, कन्सल्टेन्सी सेवा विभागका प्रमुख डा. विवेक बरालले स्वदेशी इन्जिनियरकै दक्षता प्रयोग गरेर प्रतिवेदन तयार गरेको बताए । 'निक्कै मेहनतका साथ डिपिआर बनाएका छौँ । स्वदेशी जनशक्तीकै प्रयोगबाट ठुला परियोजनाको डिपिआर बनाउन सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेका छौँ,' उनले भने । परियोजनासँग गत १२ मंसिरमा डिपिआर निर्माणको सम्झौता गरेर करिब आठ महिनामै प्रतिवेदन तयार गरेको उनले जानकारी दिए ।

आयल निगमका पूर्वनिमित्त कार्यकारी निर्देशक सुशील भट्टराईले लुम्बिनी प्रदेशमा बढिरहेको पेट्रोलियम पदार्थको खपतलाई ध्यान दिएर नयाँ डिपो बनाउन आवश्यक भएको बताए । काठमाडौं विश्वविद्यालयमा पेट्रोलियम विज्ञका रूपमा कार्यरत भट्टराईले हाल सञ्चालित भलवारी डिपो छिटो स्थानान्तरण गर्नुको विकल्प नभएकाले डिपिआरअनुसार चाँडो नयाँ डिपो निर्माण थाल्न सुझाव पनि दिए । 'भैरहवामा डिपिआरअनुसार छिटो नयाँ डिपो निर्माणको काम थाल्नुपर्छ । यसो गर्न सकियो भने स्थानीयको माग पनि सम्बोधन हुन्छ,' उनले भने ।

निगमका उप-निर्देशक रामहरि निरौलाले काठमाडौं विश्वविद्यालयबाट प्राप्त डिपिआरअनुसार चाँडै टेन्डर प्रक्रिया थाल्ने जानकारी दिए । 'रोहिणी नदीकिनारको जग्गा सम्याउने र ग्याबेन जाली निर्माण गर्ने काम सकेर डिपो निर्माणका लागि तयारी अवस्थामा राखिएको छ,' उनले भने । निरौला भैरहवामा निर्माण हुन लागेको नयाँ डिपोका लागि 'स्थलगत संयोजक' तोकिएका छन् ।

त्यस्तै, कार्यक्रममा निगमका सहायक प्रबन्धक इन्जिनियर अनुपम पराजुलीले काठमाडौं विश्वविद्यालयबाट उत्कृष्ट डिपिआर प्राप्त भएको बताए ।



# चरित्रहीन नारी र नैतिकहीन नेता उस्तै



• राजन कार्की
rajan2012karki@yahoo.com

चरीत्रहीन नारी आफूमात्र चरीत्रहीन हुन्छे, नैतिकहीन नेताले त देशलाई नै बर्बाद गर्ने रहेछन् । यसको ताजा दृष्टान्त नेपालको लोकतान्त्रिक गणतन्त्र हेरे हुन्छ ।

पहिले सिंहदरवार नैतिकहीन थियो, अहिले त ७६१ सरकार छन् र सबै सरकारमा सिंहदरवार छन्, सिंहदरवारका चरीत्रहीनताले देशलाई नै बर्बाद पारिरहेका छन् । कसरी ठिक पार्ने भन्ने चिन्ता कुनै नेतामा पनि छैन । स्मरणीय छ, जापान अथवा कोरियामा पनि चरीत्रको महत्व सर्वाधिक छ । यसकारण त आफ्नो भ्रष्टाचारको खुलासा र आलोचना भयो भने समाजको डरले उनीहरू हाराकिरी गर्छन् । नेपालको सम्बन्धमा त जति धेरै चरीत्रहीन भयो, उति उसको जयजयकार गर्ने कार्यकर्ता देखिन्छन् । भेटिन्छन् । फलतः कानुनव्यवस्था लथालिङ्ग हुनपुग्छ ।

लोकतन्त्रमा चाहिने चरीत्र हो । नैतिकता हो । राजनीतिमा सिद्धान्त हुनैपर्ने हो । केही पनि बाँकी रहेन । चरीत्र सुध्रिन नसकेर विवेकहीन बन्दै गएका नेता, नागरिक समाज, बौद्धिक बर्ग, शासक र प्रशासकका कारण यो पद्धति विधिबिहीन, अपराधमुखी र भ्रष्टाचारको फोहर पोखरीमा आहाल बस्ने भैंसी संस्कृतिको विकास भएको छ । यस्तो प्रदूषित चरीत्रका कारण लोकतन्त्र विकसितका नजरमा फ्रड हुनपुगेको छ । विश्वसमुदायमा ग्रेलिष्टवाला देखिन थालेको छ ।

हरेक नागरिक भन्छन्- यस्तो पनि लोकतान्त्रिक गणतन्त्र हुन्छ ? जुन तन्त्रमा न लोक छन्, न गण । जे छ, भ्रष्टाचार, अनैतिकता, अनियमितता, सिद्धान्तहीनतामात्र छ । राज्यसंयन्त्रको बलमा चल्ने लोकतन्त्र यथार्थमा निरंकूशतन्त्र हो ।

७६१ सरकार, जताततै भ्रष्टाचारमात्र छ राज्यकोषमा ब्रम्हलूट चलेको छ । लूटको धन फुपुको श्राद्ध भइरहेको छ । यसकारण भन्न सकिन्छ, एच जी वेल्सले लेखेको द वर्ल्ड सेट फ्री नामक पुस्तकमा परमाणु बमको नाम उल्लेख गरेका थिए, त्यही नामबाटपछि खतरनाक परमाणु बम निर्माण गरियो । नेपालका सन्दर्भमा लोकतान्त्रिक गणतन्त्र नेपाल सिध्याउने बमतन्त्र हो । लोकतन्त्र नामको बलमे हरेक दिन नेपाललाई शनैः शनैः मार्दै गएको छ ।

यो पद्धति श्लो प्वाइजन भयो । छिमेकीले समेत यसरी हेपे कि नेपालको लिपुलेक भूमिबाट उनीहरूले हाक्काहाक्की व्यापार गर्ने सहमति गरिसके । नेपाल बक्तव्यमा चिच्याएर बसेको छ । प्रमाणसहित राष्ट्रसंघ अथवा अन्तर्राष्ट्रिय अदालत पुग्न सक्दैन ।

नक्समा चुच्चेनक्सा छ, भूमि नेपालको अधिकारमा छैन । नेपाली भूमिबाट ठूला दुई छिमेकीले ब्यापार सन्धि गर्दा नेपाल टोलाएर बसेको छ । चिनमा अर्को हप्ता हुने संघाई कोअपरेशनको बैठकमा दुवै छिमेकीका राष्ट्राध्यक्ष, सरकार प्रमुखसँग भेट हुन्छ, नेपालले आफ्नो पक्ष राख्न सक्ला ? प्रश्न उठेको छ ।

छिमेकीले हेपे । नेपाल हेपियो । आफ्नै भूमि आफ्नो भन्न नसक्ने स्थिति आयो ।

यति हुँदा पनि संसदमा बहस हुँदैन । उही गुह्यधन्दा, स्वार्थको चलखेलमा ठूला साना पार्टी व्यस्त छन् ।

यस्ता पनि राजनीतिक नेता हुन्छन् ? नेपालमा बहुदल, लोकतन्त्र नामक ऐतिहासिक आन्दोलन भए, तर आन्दोलनबाट प्राप्त परिवर्तनलाई नेताहरूले यतिबिघ्न घृणायोग्य बनाइदिए कि नेपाल असफल मुलुक हुने खतरा उत्पन्न भएको छ ।

हाम्रा नेताहरू सिक्किमभन्दा तल झरेर देशघात गरिरहेको देख्दा यिनीहरू लेण्डुपजस्ता हुन् भन्ने लाग्छ । यिनले पटक पटक अवसर पाए, जनविश्वास गुमाए । जनविश्वास गुमेपछि कसरी नेपाल समृद्ध बन्छ ? अधिनायकवादी बनेपछि कसरी नेपाल सुशासनयुक्त हुन्छ ? नेताप्रति जनताको घृणा बढ्दो छ । जनघृणाबाट कुनै नेता डराउँदैनन् । यसकारण देशमा चरम कुशासन छ ।

राजनीति भाँडनीति बनेको छ । विचारमा, सिद्धान्तमा, योजनामा, करनी र कथनी सबैतिर यिनीहरू प्रष्ट छैनन् । स्वार्थ पूरा हुने भयो कि यिनीहरू लत्रिन तैयार छन् । लोकतन्त्र नेतातन्त्रको अन्यौलमा फसेको छ । अर्थतन्त्र कमिशनमुखी छ, जसका कारण उत्पादन शून्यतातिर झर्दो छ । पुरानोभन्दा पनि गैबार ढर्रा ढाँचाले मुलुक बन्दैन, बिग्रन्छ मात्र । दिनदिनै बिग्रिरहेको छ । आधा भाँडो पानी बढी छचल्किन्छ भन्ने उखान र यो पद्धतिका अगुवा उस्तै छन् । बिग्रदै गएको छ देश ।

●●●

**चेत नखुल्ने हो भने अर्को राजनीतिक दुर्घटनाको सम्मुख पुगिसकेको छ देश । बिद्रोहका झिल्काहरू निस्कन थालेको धेरै भयो, झिल्को दावानल बन्न कत्ति बेर लाग्दैन । आगोको काम खरानी बनाउनु हो । आगोको कुनै मित्र वा शत्रु हुँदैन । सत्य यही हो । कम्तिमा घरमा आगो लगाएर खरानी बेचेर मुनाफा कमाउनेहरूले बुझ्नै पनि यथार्थ हो यो ।**

●●●

१८ वर्षे लोकतन्त्रे शासनकाल भनेको भ्रष्टाचार, कमिशन, अनियमितता, ढिलासुस्ती, पार्टीकरण, आफन्तबादको ज्वलन्त नमूना बनेको छ । अपराधीलाई संरक्षण दिन यो सरकार सधैं तमतैयार रहनु र जातीय तथा धार्मिक बिभेद र हिंसा भड्काउने काममा लाग्नुले यिनीहरू सम्भावित रक्तपातको सिर्जनाकार हुन थालेको संशय बढेको छ ।

आइएनजीओ सिंहदरवार, शितलनिवास, सर्वोच्च अदालतसम्म घुस्यो । प्रदेश सरकारको रखवाली नै आइएनजीओले गरिरहेको छ । संघीयता चलाउन र राजनीतिक कार्यकर्तारूपी पसले पाल्न जनता करमाथि थप कर तिर्न बाध्य छन् । कर देश विकासका लागि तिर्नुपर्ने हो, नेता विकासको मलका रूपमा करको प्रयोग भइरहेको छ । संविधान भद्रगोलको भूमरीमा देशलाई फनफनी घुमाउने यन्त्र बन्न पुगेको छ । हामी संवैधानिक शासन खोजिरहदा संविधानले संवोधन गर्न सकेन । नेताको नैतिकता, सक्षमता, सिद्धान्त र इमान केहीले काम गरेको छैन । जता हेरे पनि बेइमानीमात्र देखिन्छ । कानुन मिच्नु यिनको विशेषता हो, जसले गर्दा देश बनेन, नागरिक दुःखित पीडित हुन बाध्य छन् । देश प्रताडित अवस्थामा छ । विधिको शासनको चीरहरण भएको छ ।

अधिकार खोज्ने धेरै छन्, धेरैको अधिकार हडप्ने थोरै छन् । जिम्मेवारी निर्वाह गर्नुपर्छ भनेर कर्तव्य पूरा गर्ने झन थोरै । मऱ्यो, विवेक मऱ्यो । देश जिवन्त हुनसकेन । पद्धति छ, देखाउनका लागि, व्यवहारमा मनलागीतन्त्र छ । संविधान शब बनेको छ ।

चेत नखुल्ने हो भने अर्को राजनीतिक दुर्घटनाको सम्मुख पुगिसकेको छ देश । बिद्रोहका झिल्काहरू निस्कन थालेको धेरै भयो, झिल्को दावानल बन्न कत्ति बेर लाग्दैन । आगोको काम खरानी बनाउनु हो । आगोको कुनै मित्र वा शत्रु हुँदैन । सत्य यही हो । कम्तिमा घरमा आगो लगाएर खरानी बेचेर मुनाफा कमाउनेहरूले बुझ्नै पनि यथार्थ हो यो । समयमा नबुझ्ने, आँखा चिम्लेर निदाएको बहाना गर्नेहरूले समय घर्केपछि पुर्पुरोमा हात राखेर पछुताउनुको बिकल्प हुनेछैन । बेलैमा नागरिकमा चेत खुलोस् ।



पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं।

- अभियानवाणी

अभियान साप्ताहिक

सम्पादकीय

## सरकार र नेतृत्वले जनताको विशवास जित्न सक्नुपर्दछ

**दलहरूप्रति जनताको विश्वास घट्दै जानुको पछाडि ति दलका नेताहरूको चरित्र नै प्रमुख कारण रहेको छ। पुराना भनिएका राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र नै भएपनि यी दलहरू भित्र समेत एक मत हुन नसक्दा जनतामा वितृष्णा बढ्दै गएको छ। राजनीतिज्ञहरूले जनतालाई आशा एवं भरोसा दिलाउन सक्नु पर्दछ तर हामीकहाँ त्यस्तो हुन सकेको छैन। नेतृत्व गर्ने व्यक्तिले जनतामा आशा एवं भरोस दिलाउनुको सट्टा गलत भाष्य बोलेर जनतामा नैराश्यता फैलाउँदै आएको देखिन्छ। राजनीतिक परिवर्तनपछि तिनै तीन दलले सरकारको नेतृत्व गर्दै आएका भएपनि यी दलको नेतृत्व गर्ने व्यक्तिले नै सरकारको नेतृत्वमा रहँदा सबै ठीक देख्ने तर सरकारबाट हट्नु परेको खण्डमा अन्धकार देख्ने प्रवृत्तिले गर्दा जनतामा गलत सन्देश गएको छ। माओवादी केन्द्रले पनि ३ पटक पटक सम्म सरकारको नेतृत्व गरिसकेको छ। त्यसबेला माओवादी नेतृत्वले सरकारमै रहेर आफूलाई प्रधानमन्त्रीबाट हटाएर देखाउन त्यतिबेलाको प्रतिपक्षी र सरकारमा सहभागि भएको दललाई ठाडो चुनौती दिएको थियो। त्यही चुनौतीलाई कांग्रेस-एमालेले स्वीकार गरेर २०८१ असार १७ गते ७ बुँदे सहमति गर्दै कांग्रेस-एमालेको संयुक्त सरकार बनाएका हुन्।**

**नेपालका राजनीति दलका नेताहरूलाई एक प्रकारको रोग नै लागेको छ। आफू सरकारको नेतृत्वमा रहन पाउँदै सबै ठीक देख्ने तर बाहिर बस्नुपर्दा देश नै समाप्त हुन्छ जस्तै गरी जनतालाई गलत सन्देश दिने प्रवृत्ति नै अहिले घातक सावित भएको छ। मुलुकका ठूला भनिएका दलहरू कुनैले पनि निर्वाचनको बेला एक्लै बहुमत ल्याउन सक्ने सम्भावना नरहेकाले गर्दा संयुक्त सरकार निर्माण गर्न'पर्ने बाध्यतामा दलहरू रहेका छन्। नेपालमा एउटै पार्टीको बहुमतको सरकार रहेको भएपनि त्यो सरकार समेत पाँच वर्ष टिक्न नसकेको इतिहास साँक्षी रहेको छ। एउटै पार्टीभित्र पनि पक्ष र विपक्ष जस्तो व्यवहार देखिने गरेको हुनाले एउटै दलको सरकार भएपनि त्यसलाई टिकाई राख्न नेतृत्वलाई फलामको च्यूरा चपाउनु सरह हुने देखिन्छ। अहिले सबै राजनीतिक दलहरू मिलेर अहिले व्यापक रुपमा देखिने र सुनिने नकारात्मकताको अन्त्य गर्न जरुरी रहेको छ। यसका लागि सरकारले आफ्नो प्राथमिकता तोकी तिव्र रुपमा विकास निर्माणका कार्यलाई अघि बढाउनु आवश्यक छ। सबै राजनीतिक दलहरू नै जनताको भावना र चाहना बुझेर नकारात्मक होइन सकारात्मक सन्देश प्रवाह गर्न जरुरी रहेको छ।**

**दलहरू फुट्ने र मिलीजुली सरकार बन्ने स्थिति सँधै चलिरहन्छ। वर्तमान मिश्रित चुनाव प्रणाली भएपनि एउटै दलको सरकार पाँच वर्ष सम्म चल्न सक्छ भन्ने ग्यारेन्टी देखिँदैन। विगतमा नेपाली कांग्रेसले बहुमत पाएको अवस्थामा पनि उसले सरकार चलाउन सकेन भने एमाले, माओवादी मिलेर गठन भएको सरकार पनि दलहरूकै कारण विघटन भएको इतिहास साक्षी रहेको छ। त्यही कारणले गर्दा एउटै दलको बहुमतको सरकार टिकिरहन्छ भन्ने गलत सावित भएको छ। अब नयाँ विकल्प खोज्नुपर्ने आवश्यकता देखिएको छ। नयाँ भनिएका राजनीतिक दलहरूले समेत जनतालाई विश्वासमा लिन सकेको देखिएन। मधेशवादी दलहरू जुट्दै र फुट्दै आएका छन्। उनीहरूको प्रभाव निश्चित क्षेत्रमा मात्र रहेकाले उनीहरूले पुरै मुलुकको प्रतिनिधित्व गर्न सक्ने सम्भावन नै देखिँदैन।**

**राष्ट्रिय स्वतन्त्र पार्टीको थालनी आशा लाग्दो भएपनि भविष्यको एकिन गर्न सकिने अवस्था अहिले देखिँदैन। यस दलका मुख्य नेता जसको लोकप्रियताको बलमा दल जन्मिएको थियो अब उनको छवी त्यस्तो नरहला भन्नुपर्ने अवस्था सिर्जना भएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी पनि विभिन्न पटक विभाजित हुँदै पुन एकीकृत हुँदै आएको भएपनि अहिले पनि उसको हालतमा खासै सुधार हुन सकेको छैन। पूर्व राजा समर्थकहरू विभिन्न टुक्रा विभाजित भएर आ आफ्नो डम्फु बजाईरहेकाले गर्दा उनीहरूबाट जनताले ठूलो आशा गर्ने ठाउँ देखिएको छैन। केही राजनीतिक दलहरू कुनै न कुनै पार्टीबाट विभाजित भएर गठन भएका हुनाले उनीहरूले पुरै मुलुकको नेतृत्व लिन सक्ने सम्भावना अहिले देखिएको छैन भने नेकपा एमालेबाट विभाजित भएर गठन भएको माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी पार्टीले त एमालेबाट विभाजित भएको पुष्टि गर्न नसकेको र नेतृत्वकर्ता माधव नेपाल नै भ्रष्टाचार काण्डमा मुछिएका हुनाले भ्रष्टाचारीले नेतृत्व गरेको पार्टीले के गर्न सक्छ भन्ने प्रश्न समेत उठेको हुनाले अब मुलुकका पुराना दुई पार्टी कांग्रेस र एमालेले आफ्नो व्यवहार सुधार गर्दै सरकारको नेतृत्व पनि उनीहरूले गरेका हुनाले जनताको विश्वास जगाउने कार्य गर्न सक्नुपर्दछ भन्ने हामीले ठानेका छौं।**

# विज्ञताका आधारमा हुनुपर्छ संवैधानिक इजलास

**बलराम केसी**

विभिन्न संवैधानिक निकायमा गरिएका नियुक्तिको फैसलालाई लिएर संवैधानिक इजलास गठनमै प्रश्न उठ्यो। कारण देखाऊ आदेश जारी र पेसीमा चढ्न अति ढिलाइ भए पनि अन्ततः फैसला आयो, तर प्रधानन्यायाधीशले फैसलाको 'डिफेन्ड' गर्नुपऱ्यो। पूर्वन्यायाधीश समाजले 'विज्ञप्ति' निकालेर फैसलाप्रति असन्तुष्टि व्यक्ति गऱ्यो। प्रधानन्यायाधीश र सर्वोच्च बारबाट इजलास गठनमा सुझाब आयो।

सर्वोच्च अदालतले संविधानको व्याख्या गर्छ। माथिल्लो र अन्तिम अदालत भएकाले सर्वोच्च अदालत नेपालको 'प्रतिष्ठा' बन्नुपर्छ। यसले गरेको व्याख्या अन्य देशका सर्वोच्च अदालतले पनि 'पर्सुएसिभ प्रेसिडेन्ट'का रूपमा 'साइट' गर्ने स्तरको हुनुपर्छ। संयुक्त राष्ट्र संघको 'इन्टरनेसनल कोर्ट अफ जस्टिस'को विधानको धारा ३८(१)(घ) मा अदालतले विभिन्न राष्ट्रको उच्चस्तरको फैसलालाई समेत आधार लिएर फैसला गर्छ भन्ने उल्लेख छ। भारतका प्राध्यापक उपेन्द्र बक्सीले एक लेखमा भारतका अदालतमा अमेरिकी सर्वोच्च अदालतको फैसला 'साइट' नगरिएको दिन हुँदैन भन्नुभएको छ। संविधानको व्याख्याको 'विशेष नियम'अन्तर्गत दुई कुरा हेरिन्छन्। एउटा, संविधानका धाराहरूको 'उद्देश्यमूलक व्याख्या' हुनुपर्छ भनिन्छ भने अर्को व्याख्या गर्दा 'डिक्सनरी'को होइन, समान संवैधानिक व्यवस्था भएका देशका सर्वोच्च अदालतले गरेको व्याख्याको सहायता लिनुपर्छ भनिन्छ।

कार्यपालिकीय निर्णयमा आ-आफ्नै परम्परा हुन्छ, तर 'विधायिकीय' र 'न्यायपालिकीय' निर्णय फरक हुन्छ। विधायिकाले समान व्यवस्था भएका अर्को देशको संसदीय परम्परा अनुसरण गर्छ। न्यायपालिकाले स्वतन्त्र न्यायपालिका भएका प्रजातान्त्रिक देश सर्वोच्च अदालतका फैसला 'पर्सुएसिभ प्रेसिडेन्ट'मा लिने मान्य सिद्धान्त हो। प्राध्यापक उपेन्द्र बक्सीको भनाइ भारतको सर्वोच्च अदालतको १९७३ को १३ सदस्यीय इजलासले गरेको केशवानन्द भारतीको फैसला र १९९३ को नौ सदस्यीय इजलासले गरेको 'जजेज केसेज-३' को फैसलाबाट प्रमाणित हुन्छ। ती दुई फैसला संविधान व्याख्याका नमुना हुन्, जसमा 'सेपरेट बट कन्करेन्ट' फैसला लेखेको मात्र होइन, अमेरिका र बेलायतका फैसला प्रशस्त मात्रामा 'साइट' गरिएका छन्।

५२ जनाको नियुक्तिको फैसलामा पाँच न्यायमूर्तिको तीन मत आयो। तर, अध्यादेश संसदीय सुनुवाइ र संवैधानिक परिषद्को सदस्य घटाइएकोबारे खासै व्याख्या गरिएन। अमेरिकी सर्वोच्च अदालतमा नौजनाकै एकढिक्काको इजलास गठन हुन्छ। मत विभाजन भएर दुई वा दुईभन्दा बढी मत भयो भने विभाजित मतपिच्छे वरिष्ठतम न्यायमूर्तिले फैसला लेख्ने चलन छ। भारतमा पनि 'सेपरेट बट कन्करेन्ट' फैसला लेख्ने गरिन्छ। ५२ जनाको नियुक्तिमा कनिष्ठतम दुई न्यायमूर्तिको रायमा वरिष्ठतम न्यायमूर्तिबाट सहमत र राय बाझी गरिएको देखियो। यसले फैसला लेखनमा वरिष्ठतमले लेख्ने र 'सेपरेट बट कन्करेन्ट' पद्धतिको परम्परा विकास हुनुपर्ने देखिन्छ।

वरिष्ठतम न्यायमूर्ति सपना मल्लको मतले 'निर्णायक मत'को भूमिका खेलेको देखियो। न्यायाधीशले एकल मत राख्नु अधिकारको विषय हो। विवाद गर्न हुँदैन। संसदीय सुनुवाइ गर्नु र परमादेश जारीले निवेदकका माग पूरा गऱ्यो। तर, रिट खारेजीले चाहिँ सरकारको माग पूरा गऱ्यो। गणितमा जस्तो दशमलव छुटाउन मिल्ने भए न्यायमूर्ति मल्लको राय आधा-आधा भएको तर्क गर्न सकिन्थ्यो। तर, फैसलामा त्यस्तो गर्न सकिँदैन। तर, एकल मतको रायले रिट खारेज भयो। अब विवाद अन्त्य भयो।

वरिष्ठ हुँदैमा संवैधानिक इजलासमा स्वतः बस्ने वर्तमान व्यवस्था फेरिनुपर्छ। इजलास गठनबारे मिडियामा आएको प्रधानन्यायाधीशसहित अन्य केही न्यायमूर्तिका विचार र सर्वोच्च बारको सुझाब ठिक दिशातर्फको पहिलो कदम हो। विषयको विशिष्टता हासिल गरेका न्यायमूर्तिको इजलास गठन हुँदा राम्रो फैसला आउँछ भन्ने उद्देश्य बुझ्न सकिन्छ।

संविधानको व्याख्या गर्ने 'संवैधानिक इजलास'ले हो। आजको युग विशिष्टिकृत अदालतको हो। विकसित देशमा सुरू तहमा फौजदारी, देवानी, गम्भीर अपराधको मुद्दा, ससाना मुद्दा, सवारीसम्बन्धी मुद्दा आदि नाममा छुट्टै अदालत गठन भएका हुन्छन्। हाम्रोमा पनि संविधानले विशिष्टिकृत अदालत गठन गर्न सक्ने व्यवस्था गऱ्यो, तर कार्यान्वयन हुन सकेन। अमेरिका, बेलायत र भारतमा माथिल्लो तहमा संवैधानिक अदालत छैन। तर, सर्वोच्च अदालतले नै संवैधानिक अदालतको काम गर्छ। पहिलोपटक 'संविधानका फाउन्डिङ फादरहरूले नेपालको संविधान २०७२ को प्रारम्भिक मस्यौदाको धारा १४१ मा 'संवैधानिक अदालत'को व्यवस्था गरे। सुझाबका लागि सार्वजनिक गरियो। तर, तात्कालीन प्रधानन्यायाधीशलगायत एक समूहले संवैधानिक अदालतको विरोध गरे। नेतालाई भेटेर 'संवैधानिक अदालत नचाहिने भन्दै संवैधानिक इजलास'को व्यवस्था गर्न अनुरोध गरे। अनुरोधअनुसार संवैधानिक इजलासमा न्यायाधीश पनि न्यायपरिषद्ले तोक्ने गरी 'संवैधानिक इजलास'को व्यवस्था राखियो। सोभियत संघ विघटनपछि उसको पकडमा भएका पूर्वी युरोपका देश स्वतन्त्र भए र सोभियत संघ आफैं विघटन भएर १५ राज्यमा बाँडियो। धेरै राष्ट्रले संवैधानिक अदालत गठन गरे। दक्षिण अफ्रिकामा पनि छुट्टै अस्तित्वको संवैधानिक अदालतको व्यवस्था गरियो। ती देशमा न्यायाधीशले संवैधानिक अदालतको विरोध गरेनन्। संवैधानिक अदालतले संविधानको व्याख्या गरिरहेका छन्। सर्वोच्च अदालतले संवैधानिक अदालतको विरोध गरेको छैन। सुझाबका लागि संविधानको मस्यौदा सार्वजनिक गरिँदा संवैधानिक अदालतको विरोध गरे पनि संविधानमा संवैधानिक इजलास नराख्न र इजलास गठनमा न्यायपरिषद्लाई दिइएको भूमिकामा आपत्ति गर्नुपर्थ्यो। यसलाई वास्ता गरिएन। न्यायाधीश समाजलाई उठाएर न्यायाधीशको अवकाशको उमेर ६५ बाट बढाएर ७० पुऱ्याउने सुझाब दिइयो। संवैधानिक इजलासमा न्यायाधीश न्यायपरिषद्ले तोक्ने व्यवस्थाको पनि विरोध गरिएन। ध्यान आफूहरूले ७० वर्षसम्म जागिर खान पाउनुपर्छ भन्नेमा मात्र गयो। इजलास गठन संविधानमा राख्नु र इजलास गठनमा न्यायपरिषद्लाई छिराउनु घातक थियो।

मुद्दाको चापका कारण अमेरिकाको जस्तो २१ जनाकै एकमुस्ट संवैधानिक इजलास गठन हुन सक्दैन। धेरै इजलास गठन हुनुपर्छ। संवैधानिक इजलासका मुद्दा संवैधानिक दृष्टिले अति महत्वपूर्ण र जटिल हुन्छन्। संविधानका फाउन्डिङ फादरहरूको उद्देश्य र मनसाय हेरेर उद्देश्यमूलक व्याख्या गर्नुपर्ने हुन्छ। संसदीय व्यवस्था भएका देशको सर्वोच्च अदालतले के-कस्तो व्याख्या गरेको छ 'पर्सुएसिभ प्रेसिडेन्ट'लाई जानकारी लिएर व्याख्या गर्नुपर्ने हुन्छ। संवैधानिक इजलासमा वरिष्ठ कानुन व्यवसायी हुन्छन्। विपक्षी सरकार हुने हुनाले महान्यायाधिवक्ता र वरिष्ठ सरकारी वकिलबाट प्रतिनिधित्व हुने हुँदा सुनुवाइमा लामो समय लाग्छ।

न्यायमूर्तिबाट गहिरो अध्ययन गरेर उद्देश्यमूलक व्याख्यासाथ 'ल्यान्डमार्क' फैसला आउनुपर्छ। कतिपय मुद्दामा ल्यान्डमार्क फैसला आएका पनि छन्। संविधानको व्याख्या विदेशमा पनि त्यत्तिकै महत्वपूर्ण हुने हुनाले संवैधानिक इजलासबाट हुने फैसला सबै 'ल्यान्डमार्क' हुनैपर्छ। अन्य मुद्दामा घरेलु कानुनमा सीमित रहेर व्याख्या गरे हुन्छ। तर, संविधान कुनै एक देशको 'पेटेन्ट र कपिराइट' अधिकार नहुने हुनाले संविधानको व्याख्यामा एक देशले अर्को देशको संविधानको व्याख्या पनि हेरिन्छ। संवैधानिक इजलासबाट हुने फैसला अन्य देशको संविधान, संवैधानिक परम्परा र अदालतको व्याख्यामा आधारित हुनु सामान्य मानिन्छ। २१ न्यायमूर्ति सबै सक्षम भए पनि संवैधानिक इजलासमा छानेर संविधानविद् वा संविधानमा पोख्त न्यायाधीशको इजलास गठन हुनुपर्छ।

भारतमा १९४७ मा संविधान लागू भएदेखि नै धारा ३२ ले सर्वोच्च अदालतलाई र धारा २२६ ले हाइकोर्टलाई संविधानको व्याख्या गर्ने अधिकार दियो। तर, हाम्रोमा वर्तमान संविधानले हाइकोर्टलाई पनि रिट हेर्ने अधिकार दियो। हाम्रोमा संविधान लागू भएपछि संवैधानिक इजलास गठन नगरिएर इजलास गठन गर्नु भनेर सर्वोच्च अदालतले परमादेश जारी गर्नुपर्ने अवस्था आयो। कानुन नमान्ने संस्कार बोकेको सरकार भएकाले संवैधानिक इजलासमा संविधानको व्याख्यासम्बन्धी धेरै मुद्दा पर्नु स्वाभाविक हो। सरकारलाई तह लगाउने नै सर्वोच्च अदालतले हो। संवैधानिक इजलासले फैसला गर्ने मुद्दामा संविधानको व्याख्या भएको हुनुपर्छ। संवैधानिक इजलासको फैसलाले नै संविधानले पूर्णता पाउँछ। संवैधानिक इजलासको फैसलाले नै छाडा सरकारलाई संविधान उल्लंघन गर्नबाट रोक्छ। संवैधानिक इजलासको फैसलाले संविधानवाद र कानुनी शासनका लागि दूरगामी प्रभाव र असर पार्छ। संवैधानिक इजलासको फैसलाले नै ६०१ जना फाउन्डिङ फादरहरूको मनसाय र उद्देश्य पूरा हुँदै जान्छ। प्रत्येक फैसलाबाट संविधान पूर्णतातर्फ अगाडि बढेको हुन्छ। व्याख्याका कारण २४० वर्ष पुरानो अमेरिकाको संविधानले २९औं संशोधनले आजसम्म काम गरिरहेको छ।

हामीकहाँ अन्य इजलास गठन र फैसलामा विवाद देखिँदैन। तर, संवैधानिक इजलास गठन, पेसी र फैसलामा विवाद देखिन्छ। ०७२ को न्यायपालिका नेतृत्वको समूहले समस्या उत्पन्न गराएको हो। संविधानसभाले बनाउने संविधानमा हस्तक्षेप गरेर संवैधानिक अदालत नराख्न दबाब दिने अधिकार उनीहरूलाई थिएन। सर्वोच्च अदालत संविधानले सिर्जना गरेको निकाय हो। सृष्टिकर्ता संविधानसभाले जस्तो अदालत दिन्छ, त्यही अदालतमा रहेर काम गर्नुपर्ने कर्तव्य थियो तत्कालीन न्यायाधीशहरूले हस्तक्षेप गर्न हुन्नथ्यो। गरे पनि संवैधानिक इजलास संविधानमा नराख्न र न्यायपरिषद्ले न्यायाधीश तोक्ने व्यवस्था राख्न हुने थिएन।

संवैधानिक इजलास संविधानमा राखेर न्यायपरिषद्लाई छिराएर समस्या भयो। पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणामाथि इजलास गठनमै 'बेन्च सपिङ'को आरोप लाग्यो। इजलास गठनमा गोलाप्रथा अपनाउनुपरेको कारण यही हो। गोलाप्रथा तत्कालीन प्रधानन्यायाधीशमाथिको अविश्वास थियो। इजलास गठन गर्ने अधिकार प्रधानन्यायाधीशको हो र थियो। प्रधानन्यायाधीशलाई 'मास्टर अफ द रोस्टर' भनिन्छ। भारतको सर्वोच्च अदालतमा यही छ। गोलाप्रथाबाट इजलास गठन गर्दा संविधान विषयको विज्ञता नभएको न्यायमूर्तिको इजलास गठन हुन सक्छ। २१ जना न्यायमूर्तिमा देवानी, फौजदारी, राजस्व, कर्पोरेट र अन्य विषयको विज्ञता हुन्छ। सबैमा संविधानको विज्ञता हुनैपर्छ भन्ने हुँदैन। त्यसैले, विषयको विज्ञता भएका न्यायाधीशको इजलास गठन गरिनु मान्य सिद्धान्त हो।

अन्त्यमा, संवैधानिक इजलास संविधानको व्याख्यामा विशिष्टिकृत इजलास हुनुपर्छ। यसले गरेको व्याख्यामा अमेरिका र भारतजस्ता देशका सर्वोच्च अदालतले समेत 'साइट' गर्ने स्तरको फैसला अपेक्षा गर्नु नेपालीको अधिकार हो। वरिष्ठतमका आधारमा संवैधानिक इजलास गठन हुँदा संविधानमा दखल नभएका न्यायमूर्तिहरूको इजलास गठन हुन पनि सक्छ। त्यसैले, संवैधानिक इजलास गठनमा प्रधानन्यायाधीश मास्टर अफ द रोस्टर भएकाले प्रधानन्यायाधीशलाई नै इजलास गठनमा पूर्ण अधिकार सम्पन्न बनाउनुपर्छ। प्रधानन्यायाधीश पदको नाताले निःस्वार्थी हुन्छ। इमानदार हुन्छ। संविधानको विज्ञ हुन्छ। भारतलगायत अन्य राष्ट्रको सर्वोच्च अदालत संविधानको व्याख्याबाट सदा सूचित रहन्छ। त्यसैले संवैधानिक इजलासमा प्रधानन्यायाधीशले संविधानको विज्ञता हेरेर इजलास गठन गर्ने व्यवस्था गरिनुपर्छ। संवैधानिक इजलास गठनमा प्रधानन्यायाधीशको अन्तरनिहित अधिकार उहाँमै फिर्ता गरौं। यत्ति भए संवैधानिक इजलासको समस्या धेरै हदसम्म हल हुनेछ। *- नयाँ पत्रिका*

# अस्तित्वको मोडमा नेपाली कांग्रेस

प्रकाश पोखरेल

नेपालको सबैभन्दा पुरानो र लोकतान्त्रिक आन्दोलनको अग्रपंक्तिमा उभिएको दल नेपाली कांग्रेस आज आफ्नो अस्तित्वको सबैभन्दा संवेदनशील मोडमा खडा भएको छ । सात दशकभन्दा बढीको इतिहासमा यसले निरंकुशताविरूद्ध लडेको, लोकतन्त्र स्थापना गरेको, सामाजिक न्याय र समावेशिताको एजेन्डा अघि सारेको गौरवशाली कथा बोकेको छ । तर, विडम्बना के छ भने यही दल अहिले आफ्नै आन्तरिक किचलो, गुटबन्दी, सैद्धान्तिक विचलन र नेतृत्व संकटका कारण आमजनताको आस्थाबाट टाढिँदै गएको छ ।

जनताको नजरमा कांग्रेस विचारधाराभन्दा सत्ताको समीकरणमा बढी केन्द्रित भएको छ । पार्टीको आधिकारिक दृष्टिकोणका विषयमा नेतैपिच्छे सार्वजनिक हुने फरक अभिव्यक्तिका कारण आमजनतामा भ्रम पैदा भएको छ । दीर्घकालीन बहस र नीति निर्माणभन्दा अल्पकालीन कार्यनीति अवलम्बन गर्दै सत्ता साझेदारीमा जोड दिने प्रवृत्ति हाबी हुँदै गर्दा कांग्रेसप्रतिको जनविश्वास गिर्दो छ ।

हालैको बागमती प्रदेश सरकार गठन प्रक्रियाले कांग्रेसभित्रको आन्तरिक असमझदारीलाई खुला रूपमा उजागर गरिदिएको छ । पार्टीभित्रका विभिन्न गुटले आफ्ना मान्छेलाई मन्त्री बनाउन अन्तिम क्षणसम्म शक्ति, दबाब र गठजोडको खेल खेलिरहँदा सरकार टिकाउन विपक्षी दलको समर्थन जुटाउनुपर्ने बाध्यतामा नवनियुक्त मुख्यमन्त्री पुगेका थिए । यद्यपि कांग्रेसका सबै सांसदले विश्वासको मत दिएपछि त्यो संकट टरेको थियो ।

कांग्रेस र एमालेको संयुक्त गठबन्धन भएको एक वर्ष नाघिसक्दा समेत उनीहरूले औचित्य पुष्टि गर्न सकेका छैनन् । दुई पुराना दलबीचको राजनीतिक प्रतिस्पर्धा र आपसी अविश्वासले गठबन्धन सरकारबाट अपेक्षाकृत उपलब्धि हासिल हुन सकेको छैन । बरू सरकार सञ्चालनमा निरन्तर झमेला र निर्णय प्रक्रियामा ढिलाइ हुने गरेको छ । गठबन्धनभित्रका गुटगत स्वार्थ र शक्ति सन्तुलनका कारण सेवाप्रवाहमा अपेक्षित गति र पारदर्शिता कायम हुन सकेको छैन । जनता, विशेष गरी निजामती कर्मचारी वर्ग र स्थानीय तहका कर्मचारीलाई अपेक्षित न्याय र सेवा प्रवाहमा यथोचित प्राथमिकता नदिँदा मनोबल कमजोर भएको स्पष्ट छ ।

नेपालमा संघीयता कार्यान्वयनसँगै निजामती सेवा सुधारका लागि ल्याइएको निजामती विधेयक विवादले थप राजनीतिक जटिलता निम्त्याएको छ । विधेयकको 'कुलिङ अफ पिरियड' र कर्मचारी वर्गबीचको विभेदीकरणसम्बन्धी विषयमा कांग्रेसभित्रै गहिरो मतभेद देखिएको छ । संघ, प्रदेश र स्थानीय तहका कर्मचारीको मनोबल उच्च राख्नेतर्फ स्पष्ट नीति नआउँदा कर्मचारी वर्गलाई विभाजित गरिरहेको छ । यसले कर्मचारीबाट सेवा प्रवाहमा उत्साह घटाउने मात्र नभई सुशासन स्थापित गर्ने दिशामा पनि अवरोध सिर्जना गरेको छ । यस विषयमा कांग्रेसले गम्भीरताका साथ कर्मचारीप्रतिको आफ्नो स्पष्ट धारणा सार्वजनिक गर्न जरूरी छ । कांग्रेसले शिक्षकले उठाएका मुद्दालाई पनि यथोचित सम्बोधन गर्न विलम्ब गर्नु हुँदैन ।

कांग्रेसको आन्तरिक नेतृत्व छनोट प्रक्रिया चरम गुटबन्दी, व्यक्तिगत निकटता र आर्थिक शक्तिबाट प्रभावित हुँदै गएको छ । यसले पार्टीको आन्तरिक लोकतन्त्र कमजोर पार्दै निर्णय प्रक्रियामा पारदर्शितालाई खुम्च्याएको छ । केन्द्रदेखि स्थानीय तहसम्म नेतृत्वद्वारा नियुक्ति, टिकट वितरण र अवसर दिनेमा व्यक्तिगत बफादारीलाई बढी प्राथमिकता दिँदा पार्टी बलियोभन्दा गुट बलियो र दीर्घकालीन रणनीति कमजोर बन्ने अवस्था आएको हो । नयाँ पुस्ताका नेताको आवाजलाई उपेक्षा गरिँदा संगठनमा नवीनता र ऊर्जा अभाव छ । जसका कारण कांग्रेसप्रति नयाँ पुस्ताको अपेक्षित आकर्षण देखिँदैन ।

संविधानसभाबाट निर्मित संविधान कार्यान्वयनपछि जनता र पार्टी सबैमा अपेक्षा थियो कि संघीयता, स्थिर सरकार र आर्थिक विकासले देशलाई समृद्धितर्फ लैजानेछ । तर विगत १० वर्षमा यी अपेक्षा धेरै हदसम्म निराशामा परिणत भएका छन् । भ्रष्टाचार र सत्ता दुरूपयोगका समाचारले कांग्रेसप्रतिको जनविश्वासमा ठूलो चोट पुगेको छ । युवाहरू विदेश पलायन हुने क्रम बढ्नु, अपेक्षित रोजगारी सिर्जना गर्न नसक्नु, चुनावी वाचा पूरा गर्न नसक्नु आदिले कांग्रेसप्रति निराशा चुलिएको छ । यस्तो अवस्थामा कांग्रेस नेतृत्वले कडा सुधार र जवाफदेहितासहितको अवधारणा अवलम्बन गर्नु जरूरी छ । दलहरूप्रतिको जनविश्वासको प्रमुख आधार भनेको द्रुत सार्वजनिक सेवा प्रवाह हो ।

संघीयता कार्यान्वयनका क्रममा कर्मचारी व्यवस्थापनमा रहेका समस्या र निजामती विधेयक विवादले नेपालको संघीय संरचनामा थप चुनौती थपेका छन् । कर्मचारीबीच असमानता र विभेदले काम गर्ने वातावरणमा नकारात्मक प्रभाव परेको छ । संघ, प्रदेश र स्थानीय तहका कर्मचारीको मनोबल उच्च राख्न नीतिगत रूपमा स्पष्ट र समावेशी दृष्टिकोण अपनाउनुपर्ने आवश्यकता छ । कांग्रेसले यस विषयमा नेतृत्वदायी भूमिका खेल्दै संघीयताअनुरूप द्रुत र गुणस्तरीय सेवा प्रवाहको वातावरण निर्माण गर्न पहल गर्नुपर्छ । यसैगरी, कर्मचारी वर्गलाई जनताका दूतका रूपमा स्थापित गराउने काममा पार्टीको सक्रियता आवश्यक छ ।

संसदीय लोकतन्त्रलाई मजबुत बनाउन, व्यवस्थापिका र कार्यपालिकाबीचको सन्तुलन कायम गर्दै संविधानमा व्यवस्था गरिएको नीति निर्माण प्रक्रिया र मन्त्रिपरिषद् गठन प्रक्रियालाई प्रभावकारी बनाउन नेतृत्वद्वारा पहल गर्न आवश्यक छ । नेपालको संविधानमा सांसदलाई नै मन्त्री बनाउने जुन व्यवस्था स्थापित गरिएको छ, त्यो अवैज्ञानिक सिद्ध भइसकेको छ । प्रधानमन्त्रीले अनुभवी विशेषज्ञहरूबाट मन्त्री चयन गर्ने व्यवस्था कायम गर्न सके मात्र सरकार सक्षम र प्रभावकारी बन्न सक्छ । भ्रष्टाचारको न्यूनीकरण हुन सक्छ । निर्वाचनमा हुने अपारदर्शी खर्च र बेथितिको अन्त्य हुन सक्छ । यस विषयमा कांग्रेसले समयमै विचार-विमर्श गरी आफ्नो दृष्टिकोण सार्वजनिक गर्न जरूरी छ । सांसदबाट मन्त्री छनोट गर्ने संवैधानिक व्यवस्था खारेज गर्न सकेमा निर्वाचनमा हुने अस्वस्थ प्रतिस्पर्धाको पनि अन्त्य हुनेछ । जनताले सुशासनको प्रत्याभूति पाउने अवस्थाको निर्माण हुन सक्नेछ ।

लोकतान्त्रिक शासन प्रणालीलाई मजबुत राख्न र राजनीतिक स्थायित्व कायम गर्दै मुलुकको समृद्धिका लागि कांग्रेसको भूमिका अझै महत्त्वपूर्ण छ । तर त्यसका लागि नेतृत्वले कठोर निर्णय लिनुपर्छ । सैद्धान्तिक स्पष्टता, पारदर्शिता, जवाफदेहिता र आन्तरिक लोकतन्त्र कायम राख्न जरूरी छ । वैदेशिक नीति, आर्थिक विकास, शिक्षा, स्वास्थ्य र रोजगारीमा दीर्घकालीन योजना बनाउन अब ढिला गर्नु हुँदैन ।



नेतृत्व छनोटमा पारदर्शिता कायम गर्दै चरम गुटबन्दीको अन्त्य गरी योग्यता र कार्यक्षमतामा आधारित निर्णय प्रणाली लागू गर्नुपर्ने देखिन्छ । पार्टीभित्रको शक्ति सन्तुलन कानुनी र नीतिगत रूपमा सुनिश्चित गर्नुपर्छ । भ्रष्टाचारका विरूद्ध कडा कारबाही र नैतिक मापदण्डमा कठोरता अपनाउँदा मात्रै पार्टीको विश्वसनीयता कायम रहन्छ ।

कांग्रेस अहिले आफ्नो अस्तित्व जोगाउने निर्णायक मोडमा छ । यदि सैद्धान्तिक स्पष्टता, आन्तरिक लोकतन्त्र, चरम गुटबन्दीको अन्त्य र पारदर्शिता स्थापित गर्न सकियो भने मात्र कांग्रेसले जनविश्वास पुनः प्राप्त गर्न सक्छ । राजनीति केवल सत्ता प्राप्तिको माध्यम होइन, यो मुलुकको समृद्धिको आधार हो भन्ने भाष्य स्थापित गरिनुपर्छ । यदि सुधारको बाटो रोजियो भने कांग्रेसले पुनः 'जनताको दल' का रूपमा आफ्नो पहिचान पुनःस्थापित गर्नेछ, होइन भने लोकतान्त्रिक शासन प्रणाली नै संकटमा पर्ने निश्चित छ ।

लोकतान्त्रिक आन्दोलनको अगुवाइ गर्दै आएको कांग्रेसले वाक् स्वतन्त्रताको पैरवी गर्दै गर्दा मुख्यतः सामाजिक सञ्जालको दुरूपयोगले निर्माण गरेको भ्रमपूर्ण र अराजक गतिविधि नियन्त्रणका लागि निर्मम ढंगले सोच्नुपर्ने बेला पनि आएको छ ।

सामाजिक सञ्जालको तीव्र विस्तारले सूचना प्रवाहलाई सजिलो मात्र बनाएको छैन, राजनीतिक धारणा निर्माणमा पनि गहिरो असर पारेको छ । तर पछिल्ला वर्षमा सामाजिक सञ्जालले यथार्थभन्दा बढी भ्रम, बेथिति र अतिरञ्जित प्रचारलाई स्थान दिँदै आएको छ । तथ्यभन्दा बढी भावनामा आधारित सामग्री, अपुष्ट समाचार र लक्षित प्रचारप्रसारका कारण जनतामा भ्रम फैलिनु सामान्यजस्तै भएको छ । यस्ता कुरा रोक्न पनि कांग्रेसले अभियान चाल्नु जरूरी छ । – *कान्तिपुर*



# आइएमएफमा थप तीन अर्बको सेयर किन्दै नेपाल

काठमाडौं । नेपालले अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)मा आफ्नो सेयर हिस्सा ५० प्रतिशतले बढाउने भएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयअनुसार आर्थिक वर्ष ०८१/८२ सम्म आइएमएफमा नेपालको सेयर लगानी ६ अर्ब ५८ करोड ७५ लाख रूपैयाँ छ । आइएमएफमा थप तीन अर्ब सेयर लगानीको स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पठाइएको अर्थ मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखाका उपसचिव कमलप्रसाद भट्टराईले जानकारी दिए ।




उनले भने, 'आइएमएफले सदस्य राष्ट्रहरूको कोटा बढाउने निर्णय यसअघि नै गरिसकेको छ । अब सम्बन्धित देशले त्यसलाई स्वीकार गर्ने वा नगर्ने भन्ने हुन्छ । नेपालले आइएमएफको सदस्य राष्ट्रको हैसियतमा विस्तारित कर्जा सुविधा (इसिएफ)अन्तर्गत ऋण सुविधा लिइरहेको छ । भविष्यमा विदेशी मुद्राको संकट आउन नदिन र संगठनमा आफ्नो मताधिकार कायम राख्न पनि लगानी गर्नुपर्ने हुन्छ ।'

सन् २०२३ मै आइएमएफको बोर्ड अफ गभर्नर्सले कोटाको १६औं पुनरावलोकन गर्दै सदस्य राष्ट्रहरूको कोटामा (सेयर) ५० प्रतिशतले बढाउने निर्णय गरेको थियो । आइएमएफमा हाल नेपालको कोटा १५ करोड ६९ लाख एसडिआर छ । यो कुल कोटाको ०.०३ प्रतिशत हो । कोटाका आधारमा नेपालसँग अहिले तीन हजार २१ मत छ । यो मत कुल मत संख्याको ०.०६ प्रतिशत हो । संयुक्त राज्य अमेरिकाको आइएमएफ कोटा ८२ हजार नौ सय ९४ दशमलव २ एसडिआर छ । यो कुल कोटामध्ये १७.४२ प्रतिशत हो । अमेरिकासँग आठ लाख ३१ हजार तीन सय ९४ मत छ । यो कुल मतको १६.४९ प्रतिशत हो । भारतसँग आइएमएफ कोटा १३ हजार एक सय १४ दशमलव ४ एसडिआर छ । यो कुल कोटाको २.७४ प्रतिशत हो । भारतसँग एक लाख ३२ हजार पाँच सय ९६ (२.६३ प्रतिशत) मताधिकार छ ।

आइएमएफका सदस्य राष्ट्रहरूको बिचमा अन्तर्राष्ट्रिय भुक्तानी सजिलो बनाउन, ऋण तथा विदेशी मुद्रा सञ्चिति मजबुत बनाउन प्रयोग हुने अन्तर्राष्ट्रिय रिजर्भ मुद्रा हो । यो विश्वका पाँच ठुला मुद्राको सिंगो टोकरी हो । अमेरिकी डलर, युरो, चिनियाँ युआन, जापानी येन र पाउन्ड स्टर्लिङको औसतलाई गणना गरी एसडिआरको मूल्य निर्धारण गरिन्छ, त्यसैले यो स्थिर हुन्छ ।

आइएमएफको कोटाको २५ प्रतिशत हिस्सा एसडिआरको मूल्यमा आइएमएफको खातामा जम्मा गरिन्छ भने ७५ प्रतिशत नेपाली मुद्रामा नेपाल राष्ट्र बैंकले आइएमएफले प्रयोग गर्न मिल्ने गरी सञ्चित खातामा राख्छ ।

अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)ले नेपाललाई विस्तारित कर्जा सुविधा (इसिएफ)अन्तर्गत छैटौं समीक्षामार्फत चार करोड २७ लाख ऋण दिने निर्णय गरिसकेको छ । यो पाएपछि नेपालले इसिएफअन्तर्गत प्राप्त गरेको कुल रकम ३३ करोड १८ लाख डलरबराबर हुनेछ ।

आइएमएफको कोटा भनेको कुनै पनि संगठनको सदस्यता शुल्क वा सेयर लगानीबराबर नै हो । सदस्य राष्ट्रले आइएमएफलाई दिनुपर्ने अधिकतम आर्थिक योगदान कोटाले निर्धारण गर्छ । त्यस्तै, आइएमएफको निर्णय प्रक्रियामा सदस्य राष्ट्रको भोटिङ शक्ति कोटामाथि नै निर्भर हुन्छ । आइएमएफमा एक लाख एसडिआरबराबर एउटा मत हुन्छ ।

सदस्य राष्ट्रले आइएमएफबाट सामान्य अवस्थामा लिन सक्ने ऋणको अधिकतम सीमा पनि कोटाले निर्धारण गर्छ । कुनै पनि देशले आइएमएफ कोटाको एक वर्षमा दुई सय प्रतिशतसम्म ऋण लिन पाउँछ । एक वर्षभन्दा बढी समयका लागि यो सीमा ६ सय प्रतिशतसम्म हुन्छ ।

विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, एसियाली विकास बैंक (एडिबी)जस्ता अन्तर्राष्ट्रिय संगठनमा नेपालले आर्थिक वर्ष ०८१/८२ सम्ममा १२ अर्ब २७ करोड ६१ लाख ८६ हजार ३४ रूपैयाँबराबर सेयर लगानी गरिसकेको छ । अघिल्लो आर्थिक वर्ष ०८०/८१ मा यी संगठनहरूमा नेपालको सेयर लगानी ११ अर्ब ७३ करोड ७८ लाख १३ हजार ३१ रूपैयाँ थियो । एक वर्षमा नेपालले यी संगठनमा ५३ करोड ८३ लाख ७३ हजार दुई रूपैयाँबराबर सेयर लगानी गरिसकेको छ ।

आव ०८१/८२ मा विश्व बैंकमा नेपालले १९ करोड सात लाख ६७ हजार नौ सय ८० रूपैयाँबराबर सेयर लगानी गरेको थियो । विश्व बैंकमा हालसम्म नेपालको ४१ करोड ५८ लाख १३ हजार आठ सय २७ रूपैयाँ सेयर लगानी छ । त्यस्तै, एसियाली पूर्वाधार लगानी बैंक (एआइआइबी)मा आव ०८१/८२ मा नेपालले २२ करोडको लगानी गरेको छ । हालसम्म यो संगठनमा नेपालको एक अर्ब ९२ करोड ४८ लाख २१ हजार ६ सय ८० रूपैयाँ लगानी भइसकेको छ ।

दक्षिण एसियाली राष्ट्रहरूको संगठन सार्क विकास कोषमा नेपालले गत आवमा १२ करोड ७६ लाख पाँच हजार २२ रूपैयाँ लगानी गरेको थियो । हालसम्म यो कोषमा नेपालको दुई अर्ब ६८ करोड ८३ लाख ८९ हजार पाँच सय ३४ रूपैयाँ सेयर लगानी छ । अन्तर्राष्ट्रिय पुनर्निर्माण एवं विकास बैंक (आइबिआरडी)मा हालसम्म नेपालले २३ करोड २९ लाख रूपैयाँ सेयर लगानी गरेको छ । एसियाली विकास बैंक एडिबीमा नेपालको ४२ करोड ६६ लाख ४५ हजार चार सय ७३ रूपैयाँ सेयर लगानी छ ।

चालू आर्थिक वर्ष ०८२/८३ मा सरकारले अन्तर्राष्ट्रिय संगठनहरूमा चार अर्ब रूपैयाँ सेयर लगानी गर्ने लक्ष्य लिएको छ, जसमा आइएमएफकै लागि तीन अर्ब छुट्याइएको छ । यो वर्ष विश्व बैंक समूहमा नेपालले ४० करोड रूपैयाँ सेयर लगानी गर्नेछ । त्यस्तै, अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी)मा सरकारले ३१ करोडको सेयर लगानी गर्ने उल्लेख छ । वैदेशिक सरकार वा संघ-संस्थामा सेयर लगानीका लागि २९ करोड रूपैयाँ विनियोजित छ ।

# नेपाल रिलाई धराशायी बनाएर हिमालयनलाई व्यापार सुम्पिने प्रपञ्च

काठमाडौं । नेपाल रि-इन्स्योरेन्सका अध्यक्ष देवराज ढुंगानामाथि प्रतिस्पर्धी कम्पनी हिमालयन रि-इन्स्योरेन्सलाई लाभ पुऱ्याउने र सरकारी स्वामित्वको पुनर्बिमा कम्पनीलाई धराशायी बनाउन खोजेको आरोप छ । उनको नेतृत्वको सञ्चालक समितिका निर्णयहरूले पनि यो आरोपमाथि बल पुऱ्याउन सघाइरहेकै देखिन्छ । त्यसको पछिल्लो उदाहरण हो, वैदेशिक रोजगार म्यादी जीवा बिमा सामूहिक बिमा कोष ।

बिमा प्राधिकरणले ०८१ साउन लागू हुने गरी २०८१ भदौमा पहिलोपटक वैदेशिक रोजगार म्यादी जीवन बिमा सामूहिक बिमा कोष (पुल) स्थापना तथा सञ्चालनसम्बन्धी निर्देशन, २०८१ ल्याएको थियो । यसअनुसार दुई पुनर्बिमकहरू नेपाल रि र हिमालयन रिले संयुक्त रूपमा पुल सञ्चालन गर्ने व्यवस्था थियो ।

तर, गत ५ वैशाखमा निर्देशिका संशोधनले संयुक्त रूपमा चलाउन पाउने व्यवस्थालाई हटाई दुई पुनर्बिमकले चार वर्षका लागि पालैपालो चलाउन पाउने व्यवस्था बनाइयो ।

गएको १ असारमा नेपाल रि स्वतन्त्र कर्मचारी युनियनले प्रतिस्पर्धी कम्पनी हिमालयन रि-इन्स्योरेन्सलाई वार्षिक साढे तीन अर्बको व्यवसाय गर्ने कोषको व्यवस्थापन सुम्पिन अध्यक्ष ढुंगाना नेतृत्वको सञ्चालक समितिले भूमिका खेलेको भन्दै विज्ञप्ति नै जारी गरे । उनीहरूले मोटर (सवारीसाधन)को तेस्रो पक्षको बिमा व्यवस्थापन कोषसमेत छाड्न खोजेको भन्दै विरोध जनाएका थिए ।

त्यस्तै, उनकै अध्यक्षताको सञ्चालक समितिले सरकारबाट बजेट व्यवस्था नभएकै अवस्थामा हकप्रद सेयर निष्कासनको निर्णय गरेको थियो । हकप्रद सेयरमा लगानी गर्न बजेट अपुग हुने स्थितिमा हिमालयन रि-इन्स्योरेन्स समूहले नीतिगत चलखेलमार्फत नेपाल पुनर्बिमा कम्पनीको सेयर हडप्ने प्रपञ्चमा सघाउन उनले यस्तो निर्णय गराएको अर्थ मन्त्रालयकै अधिकारीहरू बताउँछन् ।

सरकारी नियुक्तिअगाडि ढुंगाना नेपाल उद्योग वाणिज्य महासंघमा १२ वर्ष (सन् २०१२ देखि २०२४ सम्म) कार्यक्रम प्रबन्धकको जिम्मेवारीमा थिए । उनी त्यहाँ कार्यरत रहँदा महासंघका अध्यक्ष थिए शेखर गोल्छा । गोल्छा अहिले हिमालयन रि-इन्स्योरेन्सका अध्यक्ष हुन् ।

## खेलकुद

# टप एन्ड टी-२० सिरिजमा नेपालको लगातार दोस्रो जित




सोमपाल कामीले पाँच विकेट लिएपछि नेपाली राष्ट्रिय क्रिकेट टोलीले टप एन्ड टी-२० शृंखलामा लगातार दोस्रो जित निकालेको छ । बुधबार काजालिस एरिनामा नेपालले मेलबर्न रेनेगेड्स एकेडेमीलाई ३३ रनले पराजित गरेको हो ।

टस जितेर पहिले ब्याटिङ रोजेको नेपालले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै १४० रनको लक्ष्य दिएको थियो । प्रत्युत्तरमा मेलबर्नले २० ओभरमा अलआउट हुँदा १०६ रन मात्रै बनायो ।

दोस्रो इनिङ्समा मेलबर्नका लागि अर्जुन नाइरले सर्वाधिक २६ रन बनाए। जई लामिरले १८, ह्यारी डिक्सनले १६ तथा ओली पाइकले १४ रनको योगदान गरेका थिए । नेपालका सोमपाल कामीले चार ओभरमा १७ रन खर्चिएर पाँच विकेट लिँदा कुशल भुर्तेलले दुई तथा शाहब आलम र रूपेश सिंहले समान एक विकेट हात पारे ।

नेपालका लागि कुशल मल्लले २९, कप्तान दीपेन्द्रसिंह ऐरीले २७, लोकेश बमले २४, भीम सार्कीले १७, रूपेशकुमार सिंहले अविजित १६ र आरिफ शेखले १२ रन बनाए । मेलबर्नका लागि फर्गुस ओ निल, क्यालम स्टो, लाचलान ब्याङ्क्स र माइकल आर्चरले समान दुई विकेट लिए ।

लगातार तीन खेल हारेको नेपालले चौथो खेलमा होबर्ट हुरिक्यान्सविरुद्ध ६६ रनको जित निकालेको थियो। नेपालले त्यसअघि नर्दन टेरिटोरी स्ट्राइकरसँग ४२, बंगलादेश 'ए' सँग ३२ र मलेबर्न स्टार्स एकेडेमीसँग ३१ रनको हार व्यहोरेको थियो । अब, नेपालले अन्तिम खेलमा शुक्रबार पाकिस्तान साइनसँग प्रतिस्पर्धा गर्नेछ ।

# नेपालको पोस्टमा भारतको सात गोल

नेपालले साफ यू-१७ महिला च्याम्पियनसिपको उद्घाटन खेलमा भारतसँग सात गोल व्यहोरेको छ ।

भुटानको थिम्पुस्थित चाम्लिमिथाङ रंगशालामा भारतलाई जिताउन अविस्ता बस्नेत र अनुस्का कुमारीले समान दुई गोल गरेका थिए । नीरा चानु लोङ्जम, जुलन नोन्गमाइथिम र नीरा लोङजामले समान एक गोल गरेका थिए । भारतले पहिलो हाफमा पाँच गोल गर्दा दोस्रो हाफमा दुई गोल थपेको हो । भारतविरुद्ध नेपाली खेलाडी कुनै पनि पक्षमा सफल रहेनन् । खेलभर भारतले नेपाललाई दबाबमा राखेको थियो । दुई वर्षअघि भएको प्रतियोगितामा पनि नेपाल भारतसँग १०-० ले पराजित भएको थियो । भूमिका बुढाथोकीको कप्तानीमा रहेको नेपालले दोस्रो खेल शुक्रबार भुटानसँग खेल्ने तालिका छ । त्यसपछि बंगलादेशसँग खेल्नेछ ।

डबल राउन्डरोबिन पद्धतिमा आायोजना भएको प्रतियोगिताको शीर्ष स्थानमा रहने टोली सिधै च्याम्पियन हुनेछ । प्रतियोगितामा नेपालसहित भारत, भुटान र बंगलादेश सहभागी छन् । भारत र बंगलादेशले समान दुईपटक उपाधि जित्दा नेपाल भने उपाधिविहीन छ ।

# दोस्रो एभरेस्ट महिला भलिबल लिग पोखरामा हुने

दोस्रो वात्सल्य एभरेस्ट महिला भलिबल लिग (इडब्लुभी ) २० देखि २८ भदौसम्म पोखराको बहुउद्देश्यीय कभर्ड हलमा आयोजना हुने भएको छ । राष्ट्रिय खेलकुद परिषद्ले स्वीकृति दिएपछि लिग पोखरामा हुन लागेको हो । नेपाल भलिबल संघले राखेपबाट स्वीकृति पाएपछि आफूहरू लिग पोखरामा आयोजना गर्न लागेको जनाएको छ ।

'सुन्दर पोखरा सहर भलिबलप्रतिको उत्साह, सक्रिय खेलसंस्कृति र दर्शकको उच्च सहभागिताका कारण यो लिगका लागि उपयुक्त स्थान मानिएको हो,' आयोजकको सिइओ स्नेभी चापागाईंले बताइन् ।

भलिबल खेलको आयोजना विकेन्द्रीकरण र खेल पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित पोखरामा गर्न लागेको उनले बताइन् । प्रतियोगितामा ६ फ्रेन्चाइज टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । काठमाडौं स्पाइकर्स, ललितपुर क्विन्स, कर्णाली यसबिस, मधेश युनाइटेड, पोखरा निन्जाज र लुम्बिनी लाभाले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।

लिगमा काठमाडौंले तीनजना विदेशी कोटा पूरा गरेको छ । ललितपुर र मधेशले पनि विदेशी खेलाडी भित्र्याएका छन् । बाँकी चार टोलीले विदेशी खेलाडी छिट्टै अनुबन्ध गर्ने जनाएका छन् ।

काठमाडौंमा बुल्गेरिया, काजकिस्तान र इटालीका खेलाडी छन् । मधेशले लिगका लागि नेदरल्यान्ड्सकी रोमी भिनस्ट्रालाई अनुबन्ध गरेको छ । मधेशले भिनस्ट्रालाई पहिलो विदेशी खेलाडीका रूपमा घोषणा गरेको हो ।

# कर्पोरेट

## ● ग्लोबल आइएमई र सांग्रिला डेभलपमेन्ट बैंकबिच समझदारी

ग्लोबल आइएमई बैंक र सांग्रिला डेभलपमेन्ट बैंकबिच समझदारी भएको छ । यी दुई पक्षबिच सांग्रिलाका ग्राहकलाई आवश्यक पर्ने गैरकोषमा आधारित बैंकिङ सुविधा उपलब्ध गराउनेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

समझदारीपत्रमा ग्लोबल आइएमईका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुरेन्द्रराज रेग्मी र सांग्रिला डेभलपमेन्टका सिइओ सुयोग श्रेष्ठले हस्ताक्षर गरे । सांग्रिलाका ग्राहकलाई आवश्यकता पर्ने गैरकोषमा आधारित प्रतीतपत्र (लेटर अफ क्रेडिट), बैंक ग्यारेन्टी, डकुमेन्ट अगेन्स्ट पेमेन्ट, डकुमेन्ट अगेन्स्ट असेप्टेन्स, ट्रेड ट्रान्जेक्सन बैंकिङ आदि सुविधा ग्लोबल आइएमई बैंकले उपलब्ध गराउने समझदारीपत्रमा उल्लेख छ ।

ग्लोबल आइएमईले तीन सय ५२ शाखा कार्यालय, तीन सय ८४ एटिएम, एक ५५ शाखारहित बैंकिङ सेवा र ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टरबाट सेवा प्रदान गर्दै आइरहेको छ ।

## ● एनएमबि बैंकको नयाँ अटो लोन योजना

एनएमबि बैंकले नाडा अटो सोमा सहभागिता जनाउँदै र चाडपर्वलाई लक्षित गर्दै अटो लोन योजना सार्वजनिक गरेको छ । कम्पनीका अनुसार यो योजनाअन्तर्गत ग्राहकले केवल ७.१३ प्रतिशत को ब्याजदरमा सवारीसाधन कर्जा उपभोग गरी व्यक्तिगत सवारी साधन किन्न सक्नेछन् । इलेक्ट्रिक सवारीसाधन किन्न चाहेका ग्राहकका लागि बैंकको यो अफर एक राम्रो अवसर हुन सक्ने बैंकले जनाएको छ ।

## ● लक्ष्मी सनराइजको ऋणपत्र निष्कासकमा माछापुच्छ्रे क्यापिटल

लक्ष्मी सनराइज बैंकले 'सात प्रतिशत लक्ष्मी सनराइज डिबेन्चर-२०९२' नामक ऋणपत्र निष्कासन गर्ने भएको छ । बैंकले ऋणपत्रको सार्वजनिक निष्कासनका लागि बिक्री प्रबन्धकका साथै डिबेन्चर ट्रस्टी सेवा प्रदान गर्न माछापुच्छ्रे क्यापिटललाई नियुक्त गरेको छ । यससम्बन्धी सम्झौतामा बिहीबार हस्ताक्षर भएको छ । सम्झौतापत्रमा माछापुच्छ्रे क्यापिटलका प्रमुख कार्यकारी अधिकृत उपेन्द्र मालाकार र लक्ष्मी सनराइजका प्रमुख वित्तीय अधिकृत पियूषराज अर्यालले हस्ताक्षर गरेका हुन् ।

बैंकले तीन अर्ब रूपैयाँबराबरको प्रतिकित्ता एक हजारका दरमा ३० लाख ऋणपत्र सार्वजनिक निष्कासन गर्नेछ । माछापुच्छ्रे क्यापिटल माछापुच्छ्रे बैंक लिमिटेडको सहायक कम्पनी हो । यस कम्पनीले धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) कम्पनी, माछापुच्छ्रे क्यापिटल लिमिटेडले नेपाल धितोपत्र बोर्डमार्फत धितोपत्र प्रत्याभूति, लगानी व्यवस्थापन, संस्थागत परामर्श सेवा, निक्षेप सदस्य, निष्कासन तथा बिक्री प्रबन्धक, सेयर रजिस्ट्रार तथा सामूहिक लगानी कोष सेवा प्रदान गर्दै आइरहेको छ ।

## ● ग्राहकलाई छुट प्रदान गर्न प्रभु बैंक र न्युरो हस्पिटलको सहकार्य

प्रभु बैंक र बबरमहलस्थित अन्नपूर्ण न्युरो हस्पिटलबिच बैंकका ग्राहक तथा कर्मचारीलाई हस्पिटलको सेवा-सुविधामा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ । सम्झौतापत्रमा हस्पिटलका तर्फबाट मेडिकल प्रशासक डा. शरद गजुरेल र मार्केटिङ म्यानेजर प्रेमकुमार दाहाल तथा प्रभु बैंकका तर्फबाट चिफ मार्केटिङ अफिसर रमेशकुमार श्रेष्ठ र मार्केटिङ म्यानेजर दिना चित्रकारले हस्ताक्षर गरेका छन् । यससँगै बैंकका कर्मचारी, तिनका परिवारजन तथा ग्राहकले उक्त हस्पिटलमा १० देखि १५ प्रतिशत छुट प्राप्त गर्नेछन् । बैंकका नेपालभर तीन सय १२ शाखा कार्यालय, दुई सय ८६ एटिएमका साथै ६८ एक्सटेन्सन काउन्टर सञ्चालनमा छन् ।

## ● टेलिकमले गण्डकी र लुम्बिनीमा फाइबर बिछ्याउने

सरकारले ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी गण्डकी र लुम्बिनी प्रदेशमा अप्टिकल फाइबरको नेटवर्क बनाउने जिम्मा नेपाल टेलिकमलाई दिएको छ । सरकारी स्वामित्वको टेलिकमले कोषको रकम परिचालन गरेर दुई प्रदेशमा एक हजार नौ सय किलोमिटर लम्बाइको अप्टिकल फाइबर नेटवर्क निर्माण गर्ने भएको हो ।

सरकारको निर्देशनमा नेपाल दूरसञ्चार प्राधिकरणले गण्डकी र लुम्बिनीमा अप्टिकल फाइबर बिछ्याउने आयोजनाको जिम्मा टेलिकमलाई दिएको हो । कोष परिचालन गरी गण्डकी र लुम्बिनी प्रदेशमा अप्टिकल फाइबर नेटवर्कमार्फत सूचना महामार्ग निर्माणका लागि प्राधिकरण र नेपाल टेलिकमबिच गत शुक्रबार नै समझदारी भएको हो ।

'दूरसञ्चार ऐन, २०५३ को दफा २० बमोजिम नेपाल सरकारको निर्देशनअनुसार प्राधिकरण र नेपाल टेलिकमबिच कोष (आरटिडिएफ) परिचालन गरी गण्डकी प्रदेश र लुम्बिनी प्रदेशअन्तर्गत मध्यपहाडी लोकमार्ग, पूर्व-पश्चिम राजमार्ग तथा उत्तर-दक्षिण राजमार्गमा अप्टिकल फाइबर नेटवर्कमार्फत सूचना महामार्ग निर्माण तथा सञ्चालन गर्ने आयोजनाको समझदारीपत्रमा हस्ताक्षर भएको छ,' प्राधिकरणले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङको उपस्थितिमा प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारी र नेपाल टेलिकमका निमित्त प्रबन्ध निर्देशक सबिना मास्के प्रधानले समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् । समझदारीअनुसार ९० दिनभित्र टेलिकमले विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) प्राधिकरणसमक्ष पेस गर्नुपर्नेछ । त्यस्तै, एक सय २० दिनभित्र आयोजना कार्यान्वयनका लागि प्राधिकरण र टेलिकमबिच सम्झौता गरिनेछ ।

## ● एनआइसीका ग्राहकलाई सिजी नेट र आइपिटिभी सेवामा छुट

एनआइसी एसिया बैंकका ग्राहकले सिजी इन्टरनेट र आइपिटिभीको सेवामा छुट पाउने भएका छन् । बैंकका ग्राहकलाई इन्टरनेट सेवामा छुट उपलब्ध गराउन सिजी कम्युनिकेसन्स र बैंकबिच सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत जयन्द्र रावल र सिजी कम्युनिकेसन्सका प्रमुख कार्यकारी अधिकृत सुजन थापाले हस्ताक्षर गरे । यो समझदारीपछि ग्राहकले पहिलोपटक सिजी इन्टरनेट र आइपिटिभीको सेवा लिँदा व्यक्तिगत सेवामा २५ सय र संस्थागत रूपमा प्रयोग गर्दा २० प्रतिशत छुट हुनेछ ।

बैंकका अनुसार सिजी नेटको १५० एमबिपिएस, २५० एमबिपिएस र ३५० एमबिपिएस इन्टरनेट सेवा उपभोग गर्दा वार्षिक शुल्कमा २५ सय छुट हुनेछ । त्यस्तै, इन्टरनेटसँगै आइपिटिभीको सेवा लिने नयाँ ग्राहक महानुभावहरूले पनि उक्त रकमको छुट प्राप्त गर्न सक्ने बताइएको छ । साथै, हाल सेवा लिइरहेका ग्राहकले सेवा नवीकरण गर्दा वार्षिक सेवामा थप एक महिना अतिरिक्त सुविधा पाउने बताइएको छ । छुट सुविधा प्राप्त गर्न सेवा लिनुपूर्व सिजी कम्युनिकेसन्समा फोन गरेर वा शाखा कार्यालयमा सम्पर्क गरी जानकारी गराउनुपर्नेछ ।

## ● सानिमा म्युचुअल फन्डका दुई योजनाको लाभांश घोषणा

सानिमा म्युचुअल फन्डअन्तर्गत सञ्चालित दुई योजनाले लाभांश घोषणा गरेका छन् । सानिमा बैंक कोष प्रवर्द्धक र सानिमा क्यापिटल योजना व्यवस्थापक एवं डिपोजिटरी रहेका दुई योजनाले गत आर्थिक वर्षका लागि इकाइधनीलाई वितरण गर्ने लाभांश (प्रतिफल) घोषणा गरेका हुन् ।

जसअन्तर्गत 'सानिमा लार्ज क्याप फन्ड'ले करसहित २१.०५ प्रतिशत र 'सानिमा ग्रोथ फन्ड'ले पनि करसहित १५.७९ प्रतिशत लाभांश प्रस्ताव गरेका हुन् । यसअनुसार सानिमा लार्ज क्याप फन्डले २५ करोड २६ लाख ३१ हजारबराबर र सानिमा ग्रोथ फन्डले १० करोड ६१ लाख ८९ हजार रूपैयाँबराबर नगद लाभांश इकाइधनीमा वितरण गर्नेछन् ।

लाभांश वितरणका लागि यी दुवै योजनाले ६ भदौमा बुक क्लोज (सेयर दाखिल खारेज) गर्नेछन् । बुकक्लोजको अघिल्लो दिनसम्म कायम इकाइधनी प्रस्तावित लाभांशको हकदार बन्नेछन् ।

## ● एनआइएमबीले ल्यायो चाडपर्वलक्षित गाडी कर्जा योजना

नेपाल इन्भेस्टमेन्ट मेगा बैंक (एनआइएमबी)ले चाडपर्वलाई लक्षित गर्दै विशेष सुविधासहितको गाडी कर्जा योजना सार्वजनिक गरेको छ । योजनाअन्तर्गत ग्राहकले आकर्षक ब्याजदरमा सजिलै गाडी खरिद गर्न सक्नेछन् । बैंकका अनुसार हाल गाडी कर्जाको ब्याजदर ६.२९ प्रतिशत कायम गरिएको छ । यो यसै भदौ महिनाको आधारदर ५.७९ प्रतिशतमा ०.५ प्रतिशत थप गरी ६.२९ प्रतिशत कायम गरिएको हो ।

दसैं, तिहार तथा छठ पर्वलाई लक्षित गर्दै ल्याइएको यस योजनाले चाडपर्वको उत्सवमा नयाँ गाडीको सपना पूरा गर्न चाहने ग्राहकवर्गलाई थप सहजता हुने बैंकले अपेक्षा गरेको छ । सीमित समयका लागि लागू रहने यस योजनाअन्तर्गत ग्राहकले बैंकका देशभरका शाखाबाट यस्तो कर्जा लिन सक्नेछन् ।

## ● समृद्धि फाइनान्सको नाफा तीन करोडभन्दा बढी

लामो समयदेखि नोक्सानीमा रहेको समृद्धि फाइनान्स नाफामा गएको छ । फाइनान्सले गत आवमा तीन करोड १९ लाख रुपैयाँ नाफा कमाएको हो । समीक्षा अवधिमा संस्थाको निक्षेप संकलन १३.७२ प्रतिशतले बढेको छ भने कर्जा लगानी ९.६२ प्रतिशतले वृद्धि भएको छ । उच्च रूपमा रहेको निष्क्रिय कर्जा एकल अंकमा ल्याउन सफल भएको । अघिल्लो वर्षको सोही अवधिमा १९.१३ प्रतिशत रहेको निष्क्रिय कर्जा अनुपात यस अवधिमा ९.६६ प्रतिशतमा झरेको छ । प्रतिसेयर आम्दानी ३.९० रूपैयाँ छ । पोखरा फाइनान्ससँग मर्जर सम्झौता गरेको फाइनान्सले आगामी दिनमा सुदृढ फाइनान्सका रूपमा स्थापित भई सेयरधनीलाई उच्चतम लाभांश प्रदान गर्ने बताएको छ ।

## ● एससिटी-युनियन पे कार्डबाट अब मोबाइल वालेटमा रकम लोड गर्न मिल्ने

स्मार्ट च्वाईस टेक्नोलोजिज लिमिटेड (एससिटी)ले जारी गर्दै आएको एससिटी-युनियन पे कार्डबाट अब नेपालमा सञ्चालनमा रहेका विभिन्न मोबाइल वालेटहरूमा रकम लोड गर्न मिल्ने भएको छ । कार्डबाट वालेट लोड गर्न मिल्ने सुविधा रहेको इसेवा, खल्ती, हाम्रो पेलगायतका वालेटहरूमा ग्राहकले सजिलै आफ्नो एससिटी-युनियन पे कार्डबाट सिधै वालेट लोड गर्न मिल्ने सुविधा जारी भएको हो । नबिल बैंकको इलेक्ट्रोनिक पेमेन्ट गेटवे (इपजी)मा आबद्ध रहेका सम्पूर्ण वालेट तथा मर्चेन्ट एप्लिकेसनहरूबाट ग्राहकहरूले यो सुविधा लिन सक्ने एससिटीले जनाएको छ । यो सुविधाले ग्राहकहरूलाई आफ्नो एससिटी-युनियन पे कार्डबाट पिओएसमा मात्र नभएर अब डिजिटल वालेटहरूबाट भुक्तानी, इ-कमर्स भुक्तानी, एयरलाइन टिकट खरिद आदि पनि गर्न अझ सरल हुने कम्पनीको अपेक्षा छ ।

एससिटीले हाल २३ बैंक तथा वित्तीय संस्था र १०० भन्दा बढी सहकारी संस्थाहरूमार्फत एससिटी-युनियन पे कार्ड जारी गर्दै आइरहेको छ ।

## ● प्रोटेक्टिभ माइक्रोको सेयर प्रत्याभूतिकर्ता लक्ष्मी सनराइज क्यापिटल

प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्सले निष्कासन गर्न लागेको प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ)को सेयर प्रत्याभूतिकर्तामा लक्ष्मी सन्राइज क्यापिटल नियुक्त भएको छ । यससम्बन्धी सम्झौतामा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) विजयलाल श्रेष्ठ र प्रोटेक्टिभ माइक्रोका सिइओ नरेशकुमार रोकाले हस्ताक्षर गरे । इन्स्योरेन्सले साढे २२ लाख कित्ता साधारण सेयर जारी गर्नेछ ।

कम्पनीले १२ वर्षदेखि लघु निर्जीवन बिमासम्बन्धी व्यवसाय सञ्चालन गरी बिमालेख जारी गर्दै आएको छ । बिमाको पहुँचबाहिर रहेका समुदायलाई बिमा सेवा प्रदान गर्ने कम्पनीको उद्देश्य छ ।

## ● फेदीखोला हाइड्रोले साढे १७ करोडको आइपिओ निष्कासन गर्ने

फेदीखोला हाइड्रोपावर कम्पनीले सर्वसाधारणमा आइपिओ निष्कासन गर्ने भएको छ । शुक्रबार काठमाडौंमा भएको साधारणसभाले कम्पनीको अधिकृत पुँजी ६० करोडबाट ७० करोड पुर्‍याउने र त्यसको २५ प्रतिशत अर्थात् साढे १७ करोड रूपैयाँको सेयर (आइपिओ) निष्कासन गर्ने प्रस्ताव पारित गरेको हो । प्रस्ताव कार्यान्वयनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने निर्णयसमेत साधारणसभाले गरेको छ । कम्पनीले भोजपुर जिल्लाको साल्पासिलिछो गाउँपालिकामा रहेको फेदीखोलामा फेदीखोला (थुमलुङ) ४.३ मेगावाटको जलविद्युत् परियोजना निर्माण गरिरहेको छ, उक्त परियोजना आगामी पुसदेखि सञ्चालनमा आउँदै छ ।

साधारणसभामा आयोजनाको निर्माण सम्पन्न गर्न ९४ करोड लाग्ने अनुमान गरिएकोमा २०८१ साल साउन १५ गतेको बाढीका कारणले चार करोड लागत वृद्धि भई ९८ करोड लाग्ने जानकारी गराइएको थियो ।

## ● बुटवल प्रहरीलाई कामना विकासको प्रिन्टर सहयोग

कामना सेवा विकास बैंकले इलाका प्रहरी कार्यालय, बुटवललाई प्रिन्टर सहयोग गरेको छ । बैंकका सञ्चालक भीमप्रसाद तुलाचनले इलाका प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानालाई हस्तान्तरण गरेका हुन् । सञ्चालक तुलाचनको अध्यक्षता र इलाका प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक रानाको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा प्रहरी निरीक्षक धर्मराज खत्री र शालिकराम खनाल र बैंकका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

हस्तान्तरण कार्यक्रममा बोल्दै प्रहरी नायब उपरीक्षक रानाले सो प्रिन्टर कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सहायता शाखामा प्रयोग गरिने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा थप प्रभावकारी बनाउनसमेत सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

## ● टिसिएलका फ्रन्ट लोड वासर र ड्रायर बजारमा

नेपाली बजारमा टिसिएलका फ्रन्ट लोड वासर र ड्रायर सार्वजनिक गरिएको छ । सिजी इलेक्ट्रोनिक्सले बजारमा ल्याएका यी उपकरणले १० केजी र सात केजी लुगा सुकाउन सक्छ । यसमा रहेको 'अल इन वन' उपकरणले उत्कृष्ट धुलाइ क्षमता, स्वच्छता र सुविधा प्रदान गर्दै घरायसी लुगा धुने प्रविधिमा नयाँ मापदण्ड स्थापित गर्ने कम्पनीको दाबी छ । वासर ड्रायरमा स्मार्ट डिडी मोटर, हनिकम्ब ड्रम, दाग हटाउने, एयर वास, स्टिम वास, एन्टी माइट्स, कल स्क्रिनजस्ता नवीन सुविधा छन् ।

साथै, यसले कपडाको भित्री भागसम्मका ब्याक्टेरिया शतप्रतिशत नष्ट गर्ने, पटक-पटक धुँदा पनि नयाँजस्तै रहने, जस्तोसुकै दाग पनि सफा गर्ने बताइएको छ ।

## ● एसियन होटेलको आइपिओ बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल

मुक्तिनाथ क्यापिटल एसियन होटेलको प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ)को बिक्री प्रबन्धक नियुक्त भएको छ । सेयर निष्कासन सम्झौतामा होटेल एसियनका अध्यक्ष पारस अधिकारी र मुक्तिनाथ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कवीन्द्रध्वज जोशीले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । रूपन्देहीमा आतिथ्य सेवा दिँदै आएको एसियन होटेलले प्रतिकित्ता एक सय रुपैयाँका दरले ३५ लाख कित्ता सेयर सर्वसाधारणमा निष्कासन गर्नेछ ।

होटेलले हाल ६६ वटा सुविधासम्पन्न कोठा, स्पा, फिटनेस सेन्टर, क्यासिनो, बैंक्वेट हल, बाह्य बगैंचा, उच्चस्तरीय सेमिनार, कन्फरेन्स तथा डेस्टिनेसन वेडिङजस्ता अन्य सम्बन्धित सुविधाबाट आफ्नो व्यवसाय गर्दै आएको छ ।

## ● एलजीले मनायो वार्षिकोत्सव

एलजी नेपालले ४०औं वार्षिकोत्सवका अवसरमा नयाँ अभियान सार्वजनिक गरेको छ । '४० वर्षको ड्युरेबिलिटी' अभियान सुरु गर्दै कम्पनीले नेपाली बजारमा आफ्नो ऐतिहासिक यात्रा र उपलब्धिको उत्सव मनाएको छ ।

यस अवधिमा एलजी इलेक्ट्रोनिक्स ब्रान्ड मात्र नभई नेपालीको दैनिक जीवनको अभिन्न साथी बनेको कम्पनीले जनाएको छ । कम्पनीका अनुसार नेपाली बजारमा नवीनतम प्रविधि र दीर्घकालीन प्रदर्शनसहितका टिकाउ उत्पादन उपलब्ध गराउँदै आइएको छ । अत्याधुनिक फ्रिज र वासिङ मेसिनदेखि ओएलइडी टिभी, एयर कन्डिसनर र साउन्ड सिस्टमसम्म, एलजीको प्रतिबद्धता टिकाउ प्रविधिमार्फत जीवनलाई अझ सहज, सुन्दर र समृद्ध बनाउने रहेको कम्पनीको भनाइ छ ।

## पारित...

आशा कांग्रेस-एमालेले गरेका छन् । यी सबै दलको समर्थन भए १ सय ८९ मत हुने भएकाले उपसभामुख रानालाई पद मुक्त गर्न सकिने पक्कापक्की भएको छ । नागरिक उन्मुक्ति पार्टीभित्र विवाद रहेको र उपेन्द्र यादवले पछिल्लो समयमा सत्ता गठबन्धनलाई दिएको समर्थन समेत फिर्ता लिईसकेको अवस्थामा सरकारको पक्षमा समर्थन गर्न सक्छ भने बलियो आधार देखिएको छैन ।

उपेन्द्र यादवका ५ सांसद रहेकाले उनले सत्ता पक्षलाई समर्थन नगरेपनि माथि उल्लेखित सबै दलले समर्थन गरेको खण्डमा रानालाई पदमुक्त गर्न कुनै कठिन हुँदैन । तर नेपाली कांग्रेसभित्रै विवाद रहेको र नेपाली कांग्रेसका संस्थापन इतर पक्षका नेता शेखर कोइराला पक्षले कांग्रेसको निर्देशन पालना नगरेको अवस्थामा उपसभामुख रानालाई हटाउन सकिने अवस्था रहँदैन ।

नेपाली कांग्रेसको विगतलाई हेर्दा कांग्रेसकै सरकार कांग्रेसले गिराएको इतिहास साँक्षी रहेको छ, त्यही कारणले पनि अहिले नै यस्तै हुन्छ भनेर ठोकुवा गर्न सक्ने अवस्था नभएपछि संघीय संसदको सबैभन्दा ठुला दल रहेका कांग्रेसको सम्वैधानिक परिषद्मा प्रतिनिधित्व नरहेकाले उक्त परिषद्मा प्रतिनिधित्व गर्ने अवसर कांग्रेसले पाउने भएकाले गर्दा अन्तिम समयमा कांग्रेस एकजुट हुन सक्ने सम्भावना जिवितै रहेको छ । अहिले सम्वैधानिक परिषद्मा एमाले, माओवादी र रास्वपाको मात्र सहभागिता रहेको छ ।

सम्वैधानिक परिषद्मा प्रधानमन्त्री अध्यक्ष र सदस्यहरूमा सर्बोच्च अदालतका प्रधानन्यायाधिश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष, उपसभामुख र संघीय संसदको प्रमुख विपक्षी दलको नेता सदस्य रहेका छन् । राष्ट्रिय सभाका अध्यक्ष नारायण प्रसाद दाहाल र पुष्पकमल दाहाल, माओवादी, उपसभामुख इन्दिरा राना, रास्वपा भएकाले सम्वैधानिक परिषद्मा सरकारले चाहेर पनि आफ्नो पक्षमा निर्णय गराउन नसक्ने अवस्था देखिएकाले गर्दा कतिपय सम्वैधानिक निकायका पदाधिकारीहरू रिक्त रहेका भएपनि नियुक्ति हुन सकेको छैन ।

प्रधानमन्त्री, सभामुख र प्रधान्न्यायाधिश एकातिर भएपनि राष्ट्रियसभा अध्यक्ष, उपसभामुख र विपक्षी दलको नेता एकातिर रहने भएकाले गर्दा सम्वैधानिक परिषद्ले कुनै निर्णय गर्न सक्ने अवस्था नभएकाले उपसभामुख रानालाई हटाएर उपसभामुखमा नेपाली कांग्रेसबाट उपसभामुख बनाउन सकेको खण्डमा सम्वैधानिक परिषद्बाट निर्णय गराउन सत्ता गठबन्धनलाई सहज हुने देखिन्छ । त्यही कारणले गर्दा सत्ता गठबन्धनले उपसभामुख रानालाई हटाउन लागि परेको जस्तो देखिएको छ ।

अहिले पनि प्रमुख निर्वाचन आयुक्त लगायत दर्जनौँ सम्वैधानिक निकायहरूमा अध्यक्ष र सदस्य पदहरू रिक्त रहेका छन् तर ती पदहरूमा नियुक्ति गर्न सरकारलाई महाभारत जस्तै भएकाले गर्दा सरकारले सहज बाटो खोजिरहेको छ ।

केही समय अघि प्रतिनिधिसभाले सम्वैधानिक परिषद सम्बन्धी विधेयक पारित गरी अनुमोदनका लागि राष्ट्रपतिकहाँ पठाएकोमा राष्ट्रपतिले सो विधेयक स्वीकृत गर्नुको बदला प्रतिनिधिसभामै पुन विचार गर्न भनेर पिर्ता पठाएकोले गर्दा पनि सरकारलाई अप्ठयारो अवस्थामा पुऱ्याएको छ । त्यही गाठो फुकाउनका लागि सत्ता गठबन्धनले उपसभामुखमा सत्ता गठबन्धनकै व्यक्ति राख्न चाहेका छन् । त्यसमा पनि कांग्रेसकै ।

## प्रधानमन्त्री...

अनुरोध गरे । थापाले परराष्ट्र मन्त्रालयले भारत र चीनका राजदूतलाई बोलाएर सम्झौताको विरोध गर्न र आगामी भ्रमणमा यो मुद्दालाई ठोस निष्कर्षमा पुऱ्याउन आग्रह गरे ।

सुगौली सन्धि (१८१६) अनुसार महाकालीपूर्वको भूभाग नेपालको भए पनि भारतले लिम्पियाधुरा, कालापानी र लिपुलेक अनधिकृत कब्जा गरेको उनले बताए । भारतले लिपुलेकलाई विवादास्पद क्षेत्र मानेर वार्ता गर्ने नीति लिए पनि नेपालको सहमति बिना त्रिदेशीय नाकाका रूपमा प्रयोग गर्न नेपालको सार्वभौमिकतामाथिको आक्रमण भएको थापाको ठहर छ ।

## कांग्रेस-एमाले...

हुन सक्दैन ।

सरकार सञ्चालनमा एक भएर बसेका दलहरू बीचमा नै केही मुद्दामा असहमति भएको खण्डमा सहमति खोज्नुको बदला आ आफ्ना अडान राख्नु कति उपर्युक्त हुन सक्छ । राष्ट्रिय मुद्दामा अन्य दलहरूको समेत समर्थन लिनु पर्ने बेलामा सत्तामै रहेका ठुला भनिएका दलहरू बीचमै सहमति नहुन् र प्रमुख विपक्षी दल माओवादी केन्द्रले सरकार ढल्नै लाग्यो सरकार ढल्दै छ, भन्नुलाई कतै सत्ताधारी दलहरूले नै बल पुऱ्याईरहेका छैनन् भन्ने प्रश्न समेत उठ्न थालेको छ । त्यही कारणहरूले गर्दा कांग्रेस-एमालेले आ आफ्नो पार्टीगत स्वार्थलाई त्यागेर समग्र मुलुकको र जनताको स्वार्थलाई ध्यान दिएर अघि बढ्नु अहिले पहिलो आवश्यकता हो । सरकारमा बस्ने अनि आ आफ्नो स्वार्थ हेर्ने प्रवृत्ति अन्त्य गरौँ ।

नागरिकता विधेयक निजामति विधेयक लगायत अन्य केही विधेयकहरूमा कांग्रेस-एमालेले फरक फरक मत राख्नु भन्दा समग्र मुलुकको हितमा लागि दुवै दल एक मत भएर विधेयकहरू पारित गरिनु आवश्यक छ । निजामति विधेयकमा राखिएको कुलिङ अफ पिरियड मुलुकको हितमा रहेकाले गर्दा कुलिङअफ पिरियड निजामित विधेयकबाट कुनै सर्तमा पनि हटाउनु उपर्युक्त हुन सक्दैन । त्यही कारणले गर्दा एमालेले त्यस विषयमा आफ्नो हठ छोड्नु उपर्युक्त हुनेछ ।

## यस कारण...

भने कांग्रेसले कार्यदल गठन गरेर संविधान संशोधनलाई बुँदाहरू पहिचान गर्नुपर्ने बताउँदै आएको छ ।

अख्तियार विधेयकमा समेत कांग्रेस-एमालेबीचमा फरक मत रहेको छ । एमालेले मन्त्रिपरिषद्को निर्णयमा अख्तियार प्रवेश गर्न नहुने बताउँदै आएको छ भने कांग्रेसले मन्त्रिपरिषद्को नीतिगत निर्णय पनि नियमन गर्नुपर्ने पक्षमा रहेका भएपनि सभापति देउवा भने एमालेकै लाइनमा रहेका छन् । यी त केही उदाहरणहरू मात्र हुन् ।

सत्ता गठबन्धनमा रहेका दलहरू बीचमा धेरै विषयमा आ आफ्नो अडान रहेकाले गर्दा संसदमा केही विधेयकहरू पारित हुन सकेका छैनन् । निजामति विधेयकमा समेत कांग्रेस-एमालेबीचमा फरक मत रहेको छ । तर प्रतिनिधिसभाले निजामति विधेयकमा कुलिङ अफ पिरियड राखी विधेयक पारित गरी राष्ट्रिय सभामा पठाएकोमा राष्ट्रिय सभामा नेकपा एमालेका सासदहरूले कुलिङ अफ पिरियड हटाउनुपर्ने भन्दै संशोधन प्रस्ताव हालेपछि कांग्रेस सशंकित भएको छ ।

कुलिङ अफ पिरियड राख्न न्यायोचित र उचित हुँदाहुँदै के र कसको स्वार्थमा लागि सो प्रावधान हटाउन एमालेका सांसदहरू लागि परे अब त्यसको खोजविन हुनुपर्ने आवश्यकता देखिन्छ । सत्ता गठबन्धनमा रहेका दुई दलबीचमा नै फरक फरक मत देखिएकोले सत्ता गठबन्धन टुट्न सक्ने आशंका समेत जन्मिएको छ ।

## गौर घटनामा...

बढ्ने निश्चित भएको छ ।

२०६३ चैत्र ७ गौरस्थित राइस मिलमा फोरम र माओवादीले एकै ठाउँमा एकै समयमा एकै स्थानमा मञ्च बनाएर कार्यक्रम गर्दा झडप भएको थियो । सो घटनामा ५ महिलासहित २७ जना माओवादीका कार्यकर्ताको ज्यान गएको थियो भने ४२ जना घाइते भएका थिए । मृतकका परिवारले राज्यबाट प्रतिव्यक्ति १० लाखका दरले क्षतिपूर्ति पाइसकेका भएपनि तर उक्त घटनाको अनुसन्धान नै नभएको र दोषीमाथि कारबाही नभएको भन्दै पिडित परिवार सर्बोच्च अदालत पुगेका थिए ।

उक्त घटनाको छानविन न्यायाधिसको अध्यक्षतामा गठन भएको समितिले गरेको भएपनि छानविन समितिको प्रतिवेदन गोप्य राखिएको र सार्वजनिक गरिएको थिएन । गृह मन्त्रालयले पत्र नै पठाएर अनुसन्धान गर्न भनेको भएपनि अनुसन्धान नै भएको थिएन । त्यही कारणले गर्दा पिडित परिवार सर्बोच्च अदातल पुगेका थिए । सो घटनामा हाल जसपा नेपालको अध्यक्ष समेत रहेका उपेन्द्र यादव माथि समेत अनुसन्धान हुन सक्ने सम्भावना बढेको छ ।

# सञ्चालन खर्च र डलरको भाउले ३७.२ प्रतिशत घट्यो प्राधिकरणको नाफा

नेपाल विद्युत् प्राधिकरणको खुद नाफा (कर अघिको) ३७.३२ प्रतिशतले घटेको छ । आव ०८१/८२ मा प्राधिकरणले नौ अर्ब ६ करोड ७० लाख रूपैयाँ खुद नाफा कमाएको छ । आइतबार प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले ४०औँ वार्षिक उत्सवमा पेस गरेको विवरणले प्राधिकरणको नाफा अघिल्लो आवको तुलनामा घटेको देखाएको हो । ०८०/८१ मा प्राधिकरणले १४ अर्ब ४६ करोड ५० लाख खुद नाफा कमाएको थियो । तर, ०८१/८२ मा त्योभन्दा पाँच अर्ब ३९ करोड ८० लाख कम नाफा आर्जन गरेको तथ्यांक छ ।

गत आवको पहिलो त्रैमाससम्म नौ अर्ब ११ करोड ३२ लाख र दोस्रो त्रैमाससम्म ११ अर्ब ३५ करोड ९२ लाख पुगेको प्राधिकरणको तथ्यांक छ । तर, प्राधिकरणले सार्वजनिक गरेको श्वेतपत्रअनुसार फागुनमा नाफा घटेर नौ अर्ब ४८ करोडमा सीमित भएको थियो । त्यस्तै, चैत मसान्तसम्म नाफा झन् घटेर नौ अर्ब १९ करोड ८० लाख पुगेको भयो । वैशाख यता विद्युत् आयात घटेको र जेठको मध्यबाटै उत्पादन बढेर निर्यात गर्दा पनि प्राधिकरणको नाफा चौथो त्रैमासमा थप घटेर नौ अर्ब ६ करोड ७० लाखमा सीमित भएको तथ्यांक छ ।

हरेक वर्ष प्राधिकरणको नाफा पहिलो र चौथो त्रैमासमा बढ्ने तथा दोस्रो र तेस्रो त्रैमासमा घट्ने हुन्छ । हिउँदमा विद्युत् उत्पादन कम भई आयातसमेत गर्नुपर्छ । पिपिएको रेट पनि बर्खाका लागि ४.८० र हिउँदका लागि ८.४० रूपैयाँ तोकिएको छ । त्योअनुसार हिउँदको समयमा प्राधिकरणको नाफा घट्ने गर्छ । तर, चौथो त्रैमासमा बढ्ने गर्छ । वैशाख-जेठमा हिउँ पग्लेर खोलामा पानीको सतह बढ्न गई विद्युत् उत्पादन बढ्छ । जेठ–असारमा विद्युत् निर्यातसमेत गरिन्छ ।

जुन वेला प्राधिकरणको नाफा बढ्ने गर्छ । अघिल्लो आव ०८०/८१ को असोजसम्म १२ अर्ब ४७ करोड २७ लाख र पुस मसान्तसम्म १५ अर्ब ३६ करोड ६ लाख रहेको नाफा चैतसम्म आउँदा ११ अर्ब ६ करोड ३३ लाखमा सीमित भएको थियो । असारसम्म आउँदा त्यो साढे १४ अर्ब पुगेको थियो । तर, गत आवमा चौथो त्रैमासमा प्राधिकरणको नाफा उल्टै घटेको देखिएको हो ।

गत आवमा प्राधिकरणको कुल आम्दानी एक खर्ब ३८ अर्ब ८७ करोड रहेको छ । सो वर्ष आन्तरिक विद्युत् बिक्रीबाट एक खर्ब सात अर्ब ८० करोड ६० लाख र निर्यातबाट १७ अर्ब ४७ करोड १० लाख आम्दानी भएको छ । अन्य आम्दानीबाट १० अर्ब तीन करोड कमाइ भएको छ ।

तर, खर्च भने एक खर्ब २९ अर्ब ८१ करोड रहेको छ । सञ्चालन खर्च, ब्याज खर्च, विद्युत् खरिदलगायतका शीर्षकमा सोबराबरको खर्च भएको हो । निजी क्षेत्रबाट मात्रै ५३ अर्ब ३२ करोड ६० लाखको विद्युत् खरिद गरिएको छ । यसैगरी १२ अर्ब ९२ करोड ३० लाखबराबरको विद्युत् भारतबाट आयात गरिएको छ । गत आवमा प्राधिकरणको आम्दानी बढ्दा पनि नाफा घटेको तथ्यांक छ । अघिल्लो आव ०८०/८१ मा प्राधिकरणले एक खर्ब ३० अर्ब आम्दानी गरेको थियो ।

प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले नाफा घट्नुमा बहुआयामिक कारण भएको बताए । 'बक्यौताबापत प्रोभिजनिङ गरिएको छ । तलब-भत्ता पनि केही बढेको छ । सञ्चालन तथा प्रशासनिक खर्च पनि बढ्यो,' उनले भने, 'औसत विद्युत् बिक्रीदर पनि घट्दा आम्दानी प्रभावित भएको छ । त्यसमाथि चार सय ५६ मेगावाटको तामाकोशी जलविद्युत् परियोजना बाढीले क्षतिग्रस्त भएपछि केही महिना बन्द हुन गयो । यस्ता कारण नाफा घट्न गएको छ ।'

## देउवालाई...

आफूले लिने प्रस्ताव समेत देउवालाई पठाएका छन् । अहिले संसदमा नेपाली कांग्रेस र नेकपा एमालेका गरी १ सय ६४ सांसद रहेका छन् भने माओवादी केन्द्रका ३२, रास्वपाका २१, राप्रपाका १३, एकीकृत समाजवादीका १०, नाउपा जनमत, जसपा नेपाल लगायत दलहरूका विपक्षमा रहेका छन् । सरकारको पक्षमा अहिले नेपाली कांग्रेस, नेकपा एमाले, जसपा लोसपालगायता दलहरूको समर्थन रहेको छ । जबसम कांग्रेसले सरकार छोड्दैन तबसम्म वर्तमान ओली नेतृत्वको सरकार ढाल्न सक्ने सामर्थ्य दाहालसँग छैन तर उनी प्रायः प्रत्येक दिने सरकार ढल्यो ढल्यो भन्दै जनतामा नकारात्मक भाष्य प्रयोग गरिरहेका छन् ।

पुष्पकमल दाहाल तीन पटक प्रधानमन्त्री भैसकेका र दालहा संघीय संसदको प्रमुख विपक्षी दलका नेता रहेकाले उनले सरकारका राम्रा कामको समर्थन गर्दै नराम्रा कामको विरोध गर्दै सरकारलाई जनताको पक्षमा काम गर्न बाध्य पार्नुको बदला व्यक्तिगत रूपमा र पार्टीगत रूपमा एमाले र अध्यक्ष ओलीमाथि खनिनुले दाहालको सत्ता गुम्दाको पीडा अहिलेसम्म नरोकिएको जस्तो देखिएको छ । त्यसैले उनलाई छटपटी बढिरहेको छ ।

## मिडिया...

संस्थाहरूले दिएको सुझावलाई वेवास्ता गर्दै मिडिया काउन्सिल विधेयक ल्याएको छ । प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफलमा रहेका सो विधेयक संसदले नसच्चाए काउन्सिलको स्वतन्त्रता र स्वायत्त नरहने प्राय निश्चित रहेको छ । विधेयकमा काउन्सिलको गठन सम्बन्धी व्यवस्था पञ्चायतकालिन कानुन र प्रेस काउन्सिल ऐन २०४८ भन्दा कमजोर ल्याइएको छ ।

अध्यक्ष र सदस्यहरूको नियुक्ति र बर्खास्तीमा सरकार हावी रहने गरी ल्याइएको विधेयकको संशोधन आवश्यक रहेको छ । सरकारले काउन्सिललाई आफ्नो पार्टीका कार्यकर्ता भर्ना गर्ने उदेश्यले विधेयक ल्याइएको छ । जसको प्रमाण हो अध्यक्ष र सदस्यहरू नियुक्ति गर्न सञ्चार मन्त्रालयका सचिवको संयोजकत्वमा सिफारिस समिति बनाइने सो समितिमा एक जना विज्ञ र सञ्चार मन्त्रालयकै एक सहसचिव सदस्य रहने व्यवस्था गरेका हुनाले त्यही अनुरूप भए काउन्सिल मन्त्रालयका एउटा शाखाका रूपमा परिणत हुने निश्चित रहेको छ ।

प्रेसलाई अधिकार सम्पन्न बनाउनुको सट्टा सरकारको भजन गाउने र प्रेसलाई नियन्त्रण गर्ने मुख्य उदेश्यले विधेयक ल्याइनुले संविधानले पूर्ण प्रेस स्वतन्त्रता भनेको तर सरकारले ल्याएको विधेयक त्यसको भावना र मर्म विपरित रहेको छ । जबसम्म नियुक्तिलाई सर्वपक्षीय र सम्मानित बनाइँदै तबसम्म संस्थाको नाम फेरेर कुनै अर्थ रहँदैन । अहिलेको विधेयकका प्रावधानहरू पञ्चायतकालिन भन्दा अझ पछि फर्किनेछन् । त्यही कारणले गर्दा विधेयक सच्चाउनु आवश्यक छ भने अध्यक्षमा सर्बोच्च अदालतका बहालवाला वा अवकाश प्राप्त न्यायाधिश र सदस्यहरूका सबै पक्षका प्रतिनिधित्व हुने गरी विधेयक सच्चाइनु आवश्यक रहेको छ ।

## पत्रिका...

विरोध गर्दे अदालतमा मुद्दा समेत दर्ता गरेका थिए । अदालतले अनिवार्य रूपमा पत्रिकामा विज्ञापनको सूचना प्रकाशित गर्नुपर्ने निर्णय दिएपछि त्यहीबाट सिन्डिकेट सुरू भएको हो ।

केही दैनिक पत्रिका र विज्ञापन एजेन्सीहरूले नै सिन्डिकेट चलाउँदै आएका छन् । बजारमा देखिने दैनिक पत्रिकाहरूमा विज्ञापन देखिँदैन तर सरकारी विज्ञापन प्रकाशित गरेर सम्बन्धित कार्यालयबाट भुक्तानी लिने गरेका विषय पहिला नै सार्वजनिक भैसकेको छ । यस विषयमा प्रेस काउन्सिल नेपालमा उजुरी समेत परेको र केही पत्रिकाहरू विरूद्ध अख्तियारले विशेष अदालतमा मुद्दा नै दायर गरिससकेको छ ।

यसरी विज्ञापन नै प्रकाशित नगरी भुक्तानी दिने सरकारी कर्मचारी र सम्बन्धित पत्रिकालाइ कानुनी दायरामा ल्याउनुपर्ने टड्कारो आवश्यकता निकै पहिला देखि नै पत्रपत्रिका अधिकार मञ्चले उठाएको भएपनि दैनिक पत्रिकाहरूको सञ्जालले त्यसलाई वेवास्ता गर्दै आएकोमा अहिले एउटा दैनिक पत्रिकाले मुख्य समाचार नै बनाएर समाचार प्रकाशित गरेको र ठुलो भ्रष्टाचार हुने गरेको उद्घोष गरेपछि केही दैनिक पत्रिकाका सञ्चालकहरूमा छटपटी बढेको छ । केही दैनिक पत्रिकाहरूले ९५ प्रतिशट छुट दिएर विज्ञापन प्रकाशित गर्ने गरेका र सो छुट रकम सम्बन्धित पत्रिका र सम्बन्धित पत्रिका र सम्बन्धित सरकारी कर्मचारीहरूले नै लिने गरेको हुनाले सरकारको राजस्व समेत गुमेको हुनाले यसमा सम्बन्धित निकाय सक्रिय हुनुपर्ने आवश्यकता देखिन्छ ।


**औषधि प्रयोग गर्दा ध्यान दिऔं**

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं,
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं,
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं,
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं,
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरू आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार